वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ, क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्वर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम नि:शुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४९२५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक १८७ ○श्रेणी 'क' ○२०७३ वैशाख ४ गते शनिबार ○ 16 April 2016 ○पृष्ठ ४+८ ○मूल्य रू. ५/-

वरिष्ठ सेफ श्याम दाहालद्वारा संचालित
श्याम दाहाल क्याटरिङ सर्भिस
रानीपौवा, पोखरा-११
फोन:०६१-५२०९७२, ९८५६०३५९७२,९८१३७५४२७७

हाम्रा सेवाहरू : शुभ विवाह, व्रतवन्ध, अन्नप्राशन, जन्मोत्सव आदि पार्टीका लागि आउटडोर, इन्डोर, हाफ वा फुल क्याटरिङ्गको उत्कृष्ट सेवाका साथै लाइट र जेनेरेटर चाहिएमा पनि हामीलाई सम्झनुहोस् ।

पोउवासंघको महाधिवेशन आउन अझै ५ महिना बाँकी

चुनावी रणनीति बनाउँदै व्यवसायी

गोल्डेन न्यूज संवाददाता
पोखरा ३ वैशाख ।

पोखरेली उद्योगी व्यवसायीहरुको छाता संस्था पोखरा उद्योग वाणिज्य संघको अधिवेशन आउन करिब ५ महिना बाँकी रहदाँ नै चुनावी सरगर्मी सुरु भएको छ । पोखराको सबै भन्दा पुरानो संस्थाको रुपमा रहेको पोखरा उद्योग वाणिज्य संघमा स्थापना कालदेखि चलिआएको नेतृत्व चयन प्रक्रियामा पहिलो पटक परिवर्तन हुने भएपछि संघको नेतृत्व लिन चाहानेहरुले पनि आ-आफ्नै रणनीति तयार गरेर अगाडि बढ्न थालेका छन् । महाधिवेशनको मिति नतोकिएको भएपनि आगामी भदौको अन्तिम या असोजको पहिलो साताभित्र हुँदैछ ।

पोउवासंघको विधान अनुसार यस अघि अध्यक्ष १ जना, साधारण सदस्यतर्फबाट १४ जना, एशोशियटतर्फबाट १ जना, मनोनित ४ जना र निवर्तमान अध्यक्ष १ जना गरी २१ जनाको कार्यसमिति रहने गरेकोमा यस पटक संशोधित विधान अनुसार २९ जनासम्मको कार्यसमिति बन्ने भएको छ । जस अनुसार अध्यक्ष सहित ७ जना पदाधिकारीहरु, साधारणतर्फबाट १० जना सदस्यहरु, कर्पोरेट तर्फबाट २ जना, वस्तुगत सदस्य तर्फबाट ४ जना औद्योगिक सदस्यतर्फबाट १ जना मनोनित सदस्य ४ जना र निवर्तमान अध्यक्ष १ जना गरि २९ जनाको कार्यसमिति बन्ने गरि विधान संशोधन गरिएको छ । वस्तुगत संघहरुको संख्या २० नपुगेमा उनीहरुबाट ४ जना सदस्य आउन नपाउने प्रावधान समेत विधानमा राखिएको कारण यसले बस्तुगत संघको प्रतिनिधित्व कमजोर पार्न खोजिएको महशुस कतिपयले गरेका छन् । यसो भएमा संघको कार्यसमितिमा वस्तुगत संघको प्रतिनिधित्व नहुने र कार्यसमिति २५ जनाको मात्र बन्ने सम्भावना पनि त्यतिकै छ ।

यसपटक पोउवासंघको कार्यसमितिमा अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष (उद्योग), उपाध्यक्ष (वाणिज्य), महासचिव, कोषाध्यक्ष र उप-महासचिव पदमा प्रत्यक्ष निर्वाचन हुने भएपछि विगतको जस्तो प्यानल नबन्ने सम्भावना छ । यसअघि अध्यक्षका उम्मेदवारको पछि लागेर अर्थात अध्यक्षको प्यानलमा परेर चुनाव लड्ने र अध्यक्षले जितेमा पदाधिकारी बन्ने दाउ खेल्दै आएका उद्योगी, व्यापारीहरु अहिले भने आफूले चाहेको पद लिनका लागि मतदाता व्यवसायीबाट नै चुनिनु पर्ने भएको छ । जसका कारण विगतमा जस्तो अध्यक्षले सदस्यहरुको तथा पदाधिकारीका उम्मेदवारहरुको प्रत्यक्ष सहयोग नपाउने सम्भावना छ ।

यस पटक नेतृत्व लिनका लागि अहिलेका प्रथम उपाध्यक्ष देव क्षेत्री महासचिव रविन्द्र बहादुर प्रजु, पूर्व उपाध्यक्ष ईश्वर कर्माचार्य, पुर्व महासचिव नारायण कोइराला र कार्यसमिति सदस्य विश्वशंकर पालिखे इच्छुक देखिएका छन् । सबै जना वर्तमान कार्यसमितिमा रहेको भएपनि उनीहरुमध्ये को-को अन्तिमसम्म चुनावी प्रतिस्पर्धामा जालान् भन्न सकिने अवस्था छैन । अध्यक्ष पदमा क्षेत्री, कोइराला र पालिखे बीच प्रतिस्पर्धा हुने सम्भावना बलियो देखिन्छ । क्षेत्रीलाई वर्तमान अध्यक्ष विन्दुकुमार थापा सहितको टीमले समर्थन गर्ने, कोइरालालाई निवर्तमान अध्यक्ष सञ्जीव बहादुर कोइराला सहितको टीमले र पालिखेलाई अन्य केही पूर्व अध्यक्षको टीमले समर्थन गर्ने आँकलन गरिएको छ । पालिखे यसअघि पनि अध्यक्षका प्रत्यासी बनेका थिए । तर उनले विजय प्राप्त गर्न नसकेपछि पुन: कार्यसमितिको सदस्य पदमा निर्वाचित हुँदै आएका छन् । यस पटक क्षेत्री र कोइराला बीचको प्रतिस्पर्धामा आफूले बीचबाट चुनाव जित्ने आशा पालिखेको छ । उनले आफूलाई अन्य उम्मेदवारको तुलनामा परिपक्व र दूर दृष्टि राख्न सक्ने व्यक्तिका रुपमा दावी गर्दै आइरहेका छन् भने कोइराला यसअघि महासचिव भएर संघमा काम गर्दा अधिकांश उद्योगी व्यवसायीको समर्थन आफूले पाएकोले उनीहरुकै चाहना अनुरुप उम्मेदवार बन्ने बताएका छन् । क्षेत्री आफूलाई वर्तमान संस्थापन टीमको प्रमुख मानेर सबैको सहयोग र समर्थन मिल्ने आशामा छन् ।

अध्यक्ष बाहेक अन्य पदमा भने त्यति धेरैले चासो देखाएका छैनन् । वरिष्ठ उपाध्यक्ष पदमा वर्तमान उपाध्यक्ष मिनराज काफ्ले प्रवल दावेदार देखिएका छन् । यदि अध्यक्ष पदका आकांक्षी रविन्सन प्रजू र ईश्वर कर्माचार्यले अध्यक्षमा उम्मेदवारी नदिए उनीहरु पनि वरिष्ठ उपाध्यक्षका लागि चुनावी मैदानमा उत्रने सम्भावना देखिन्छ। महासचिव पदमा वर्तमान कोषाध्यक्ष दीलिपराज श्रेष्ठ र दामु अधिकारीबीच प्रतिस्पर्धा हुने सम्भावना छ । अन्य पदहरुमा पनि वर्तमान कार्यसमितिका सदस्य र अन्य व्यवसायीले चाहना गरेको भएपनि खुलेर बाहिर आएका छैनन् तर यसपटक महिलाहरु पनि सदस्य पदका लागि धेरै जना चुनावी मैदानमा जाने देखिएको छ ।

कार्यसमिति सदस्यहरु हिरा भट्टराई, सीता गुरुङ, विन्दु कोइराला सुवेदीले पदाधिकारीको रुपमा कोषाध्यक्ष र उप-महासचिव पदमा उम्मेदवारी दिने आँकलन गरिए पनि भट्टराईले अझ माथिल्लो पदमा चुनाव लड्ने मनस्थिति बनाएको बताइन्छ । कार्यसमिति सदस्यको रुपमा यसपटक सीता बराल, माया बराल, चिनु गुरुङ, ममता गुरुङ लगायतले समेत चुनावमा जाने ईच्छा प्रकट गरेका छन् । यो संख्या अझै बढ्ने सम्भावाना छ ।

पोउवासंघमा २ हजार ७ सय २० जना उद्योगी व्यवसायी सदस्य रहेका छन् । उनीहरुले असार मशान्तसम्मा नविकरण नगरेमा सदस्य संख्या घट्ने सम्भावाना छ । यसअघि संघको विधानमा साधारण, एशोसियट र मानार्थ गरि ३ प्रकारको सदस्यको व्यवस्था रहेकोमा यसपटकको विधानले साधारण, कर्पोरेट, वस्तुगत, औद्योगिक र मानार्थ गरि ५ प्रकारका सदस्यको व्यवस्था गरेको छ ।

लायन्सको चौथो महाधिवेशन आज

गोल्डेन न्यूज संवाददाता
पोखरा ३ वैशाख ।

लायन्स क्लब इन्टरनेसनल डिष्ट्रिक्ट ३२५ बी १ नेपालको चौथो राष्ट्रिय महाधिवेशन शनिबार पोखरामा हुँदैछ । महाधिवेशनको तयारी पूरा भएको छ । पोखरा सभागृहमा सम्पन्न हुने महाधिवेशनमा डिष्ट्रिक्ट अन्तर्गतका करिब ३ हजार ५ सय लायन्स सदस्यको सहभागिता रहने छ । महाधिवेशनको कार्यक्रम अनुसार शनिवार बिहान प्रदर्शनी केन्द्र नयाँबजारबाट पद यात्रा सुरु गरिने र नयाँबजार, महेन्द्रपुल, चिप्लेढुंगा न्यूरोड हुँदै महाधिबेशन स्थल सभागृहमा गई टुङिगने छ । पद यात्रामा विभिन्न जातजातिको झाँकी समेत प्रदर्शन गरिने छ ।

महाधिवेशन मूल आयोजक समितिका संयोजक दिनबन्धु पौडेलले दिएको जानकारी अनुसार महाधिवेशनमा सहभागिता जनाउनका लागि शुक्रबारसम्ममा करिब ३ हजार २ सय जनाले प्रि-रजिस्ट्रेशन गराइसकेका छन् । बाँकीले शनिबार रजिष्ट्रेशन गराउने बताइन्छ ।

लायन्स क्लब अफ पोखरा सेती गण्डकी र गोल्डेन चौतारीको आयोजनामा हुने महाधिवेशनमा करिब ७० लाख रुपैयाँ खर्च लाग्ने अनुमान छ । कार्यक्रम स्थल पोखरा सभागृहमा परम्परागत र नयाँ प्रबिधिको फ्युजन गरेर स्टेज डिजाइन गरिएको राजेशमान मास्केले गोल्डेन न्यूज दैनिकलाई बताए । महाधिवेशनको कार्यक्रम स्थल सभागृहमा भएकाले सभागृहलाई व्यवस्थित पारिएको छ । सभागृहको क्षमता १ हजार ३ सय जनाको छ । सभागृहमा सहभागी नअटाउने भएपछि सभागृह बाहिर अस्थायी डोम निर्माण गरिएको छ । भित्र भएका गतिविधि लिड स्क्रिनमार्फत बाहिर देखाउने व्यवस्था गरिएको प्रचार-प्रसाद संयोजक टंकराज अधिकारीले बताए । पोखरामा आउने पाउनालाई मे आई हेल्प यु अंकित भोलिन्टिएर स्टिकर लगाएका पोखरेली लायन्सले सहयोग गर्ने आयोजक समितिका सह-संयोजक सुचित्रा थापाले बताइन ।

कार्यक्रममा अतिथिको रुपमा लायन्सका अन्तर्राष्ट्रिय डाइरेक्टर जी एस होरा, अन्तर्राष्ट्रिय डाइरेक्टर सञ्जय खेतान, वरिष्ठ उद्योगपति विनोद चौधरी, नेपाल टेलिभिजनका अध्यक्ष महेश दाहाल, लायन्सका ४ वटै डिष्ट्रिक्टका डिस्ट्रिक्ट गर्भनर लगायतको सहभागिता रहने महाधिवेशन तयारी समितिका सचिव किशोर बरालले बताए ।

महाधिवेशनलाई पोखराको पर्यटन प्रवर्द्धन गर्ने माध्यमको रुपमा लिएको डिष्ट्रिक्ट ३२५ बी १ नेपालका डिष्ट्रिक्ट गभर्नर ध्रुवबहादुर थापाले बताए । 'भूकम्प, नाकाबन्दी जस्ता विषम परिस्थतिले थिलो थिलो बनेको पोखराको पर्यटन व्यवसायलाई थोरै भएपनि राहत पुगोस् भन्ने उद्देश्यले

बाँकी १० पृष्ठमा...

पत्रकार पन्तलाई सम्मान गरिने

लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ बी १ नेपालले गोल्डेन न्यूज दैनिकमा कार्यरत हरि पन्तलाई सम्मान गर्ने भएको छ। पत्रकार पन्तलाई लायन्सको गतिविधिमा उत्कृष्ट योगदान पुऱ्याएबाट सम्मान गर्न लागिएको डिष्ट्रिक्ट सेक्रेटरी विश्वेश्वर आचार्यले जानकारी दिए । डिष्ट्रिक्टको चौथो महाधिवेशनका अवसरमा शनिबार पन्तलाई २५ हजार नगद र सम्मानपत्र प्रदान गरिने छनौट समितिका सदस्य दुर्गा प्रसाद हुमागाइँले बताए । पन्त एक दशकदेखि पोखरामा रहेर पत्रकारिता गर्दै आइरहेकान छन् भने विगत ५ वर्षदेखि गोल्डेन न्यूज दैनिकमा कार्यरत छन् । पन्तलाई यसअघि लायन्स क्लव अफ पोखरा पिस चौतारीले पनि ११ हजार १११ सहित सम्मान गरेको थियो ।

कृष्णदासको समाधिले सबै आश्चर्यमा

गोल्डेन न्यूज संवाददाता
पोखरा ३ वैशाख ।

विनाअक्सिजन भूमि समाधिमा बसेका सिद्धबाबा श्रीवैष्णव कृष्णदासजी महाराजलाई शुक्रबार सकुशल बाहिर निकालिएको छ । चैत २६ गते साँझ ६:३० बजेबाट पोखरा रामघाटस्थित मन्दिरमा भूमि समाधिमा बसेका उनी ९ दिनपछि शुक्रबार पूर्वान्ह १० बजेर २० मिनेटमा बाहिर निस्केका हुन् । भूमि समाधिबाट सिद्धबाबालाई निकाल्न पूर्वान्ह ९ बजेर ३५ मिनेटबाटै शुरु गरिएको थियो । समाधिलाई पूर्ण रुपमा माटोले पुरेका कारण निकाल्न झण्डै ४५ मिनेट लागेको थियो । समाधिबाट निकाल्दा सिद्धबाबा पूर्णरुपमा पसिनाले भिजेका थिए । उनलाई शुरुमा सिद्धबाबाको समाधिस्थ हुनुअघिको आज्ञाअनुसार नै उनका प्रथम चेला गोविन्द बाबा शर्माले जलार्पण गरेर तिलक लगाउनुका साथै कुम, कानको दुवैतिर र शिरमा पञ्चामृत छर्किए। त्यसपछि सिद्धबाबा कसैसँग नबोली आफैं उठे र पञ्चामृत ग्रहण गरे । लगत्तै डा.कालु शर्मा, डा.नारायण गौतमलगायतको चिकित्सकको विशेषज्ञ टोलीले सिद्धबाबाको स्वास्थ्य परीक्षण गरे । स्वास्थ्य परीक्षणमा सिद्धबाबाको सम्पूर्ण स्वास्थ्य सामान्य रहेको चिकित्सकको टोलीले निष्कर्ष निकाल्यो । त्यसपछि मात्रै सिद्धबाबाले समाधिबाहिर निस्केको हेर्न पुगेका हजारौं दर्शकलाई समाधि बसेकै घरको पहिलो

बाँकी १२ पृष्ठमा...



फेवातालमा सिन्डिकेट ! आधुनिकता कहिले भित्रिने ?

गनविन अर्याल
पोखरा ३ वैशाख ।

सडकमा यातायात व्यवसायीले 'सिण्डिकेट' लाद्ने गरेको त हामीले सुनेकै हौं । तर, सरकारी सम्पत्तिका रुपमा रहेको फेवातालको पानीमा समेत निजी व्यवसायीहरुको सिण्डिकेट चल्छ भन्ने सुन्दा अचम्मै लाग्न सक्छ । तर, अचम्म नमान्ननोस् । पोखरा भन्नेवित्तिकै हामी फेवाताललाई सम्झन्छौं । अहिलेसम्म पोखराको मुख्य पर्यटन व्यवसाय पनि फेवातालमै आश्रति छ । पर्यटकलाई फेवाताल बेचेर यहाँका व्यवसायीहरु मालामाल भइरहेका छन् । तर, यही फेवाताल दिन प्रतिदिन संकटमा पर्दै गइरहेको छ । फेवातालको संरक्षणमा सरकार तथा व्यवसायी कसैको पनि चासो देखिँदैन । माटो र जलकुम्भी झारले पुरिएर ताल खुम्चिँदै गइरहेको छ । लेकसाइडका होटलको फोहोर ढल पानीमा मिसाउँदा ताल फोहोर बनेको छ । फेवातालको संरक्षणका लागि दर्जनौं सरकारी गैह्रसरकारी संघसंस्था जन्मिएका छन् । सबैको एउटै उद्देश्य छ, तालको सरसफाइ र संरक्षणकामा नाममा डलर कुम्लाउने ।

व्यवसायीको सिण्डिकेटले आधुनिकतामा अवरोध

फेवाताल यतिबेला डुंगा व्यवसायी समितिको कब्जामा छ । यहाँ डुंगाको विकल्पमा थप पर्यटक लोभ्याउने खालका विकसित गतिविधि सञ्चालन गर्न दिइँदैन । अहिले पनि पुरानै ढर्राका डुंगा चलाएर पर्यटकलाई सेवा दिइँदै आएको छ । कास्की जिल्ला विकास समिति, पोखरा उप-महानगरपालिका, पोखरा उपत्यका नगर विकास समिति, सिंचाइ, भूमिसुधार लगायतका सरकारी निकाय फेवातालको जिम्मा आफ्नो भएको दाबी गर्छन् । तर, फेवातालको संरक्षण र विकासको गुरुयोजना बनाउन कोही अगाडि सर्दैनन् । फेवातालमा पुराना डुंगाहरुको विकल्पमा आधुनिक स्पोर्टसहरु सञ्चालन गर्न खोजे पनि डुंगा व्यवसायीको सिन्डिकेटका कारण रोकिँदै आएको छ ।

लामिछानेदेखि तामाङसम्मको प्रयास

कास्की जिविसको वडापत्रमै फेवातालमा अन्य गतिविधि सञ्चालन गर्नुपरेमा डुंगा व्यावसायीको स्वीकृति लिनुपर्ने उल्लेख गरिएको छ । यही कारणले गर्दा तालमाथि वाटर वल खेलाउँदै आएका गोविन्द लामिछानेले वाटर रिक्सा सञ्चालनका लागि निकै संघर्ष गर्नुपरेको थियो । लामिछानेले डेढ वर्षअघि सुरु गरेको वाटरवल (बेलुनभित्र बसेर पानीमाथि दौडिने खेल) अहिले लोकप्रिय भइसकेको छ । उनले हालैमात्र फेवातालमा वाटर साइकल भित्र्याएका छन् ।

फेवातालमा डुंगा चलाएरमात्रै राम्रो पर्यटक तान्न नसकिने पोखरेली व्यवसायीको ठम्याइ छ । बल्ल अहिले दुईवटा डुंगा जोडेर सुरक्षित रुपमा यात्रा गर्ने व्यवस्था मिलाइएको छ । अब म्युजिकल फाउन्टेनसहित फेवाताललाई नेपालकै आकर्षणका रुपमा प्रस्तुत गर्नुपर्ने माग हुन थालेको छ । अहिले फेवातालमा लामिछानेले वाटरवल र वाटर रिक्सा सञ्चालन गरेका छन् । नेपालका लागि विल्कुल नयाँ प्रोडक्ट वाटरवल र वाटर रिक्सामा मानिसको आकर्षण बढ्दो छ ।

त्यसो त फेवातालमा सोलार बोटको सम्भावना पनि छ । यो चलाउन सकेमा फेवाताल एकै छिनमा घुम्न सकिन्छ । सोलार बोटले फेवातालको वातावरणसमेत बिगार्दैन । केही समय अगाडि ज्याक तामाङले तालमाथि डुंगामै रेष्टुरेन्ट सञ्चालनमा ल्याएका थिए । विस्तारै लोकप्रियता बढ्दै गइरहेका बेला आकस्मिक रुपमा उनको 'ताल रेष्टुरेन्ट' बन्द भयो । फेवातालमा यस्ता धेरै गतिविधि सञ्चालन गरेर प्रशस्त अम्दानी गर्न सकिने भए पनि डुंगा व्यवसायीको सिन्डिकेटका कारण केही गर्न नसकिने अवस्था रहेको गुनासो पर्यटन प्रेमीहरुको छ ।

मुल्मीको 'फेवाताल सपना'

फेवातालको आधुनिकीकरण बारे हामीले नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष आनन्दराज मुल्मीसँग पोखरामै पुगेर उनको भिजन जान्न खोज्यौं । मुल्मीले पोखरामा अन्तरर्राष्ट्रिय विमानस्थल बन्न लागेकाले अब फेवातालको पर्यटन व्यवसायलाई आधुनिकीकरण गरिनुपर्ने बताए । फेवातालको तालमा विदेशी पर्यटकहरुले मोटो रकम खर्च गर्नेखालका मनोरञ्जनात्मक गतिविधिहरु सञ्चालन गर्नुपर्ने उनी बताउँछन् । 'फेवातालको विषयमा धेरै राजनीति गरियो, तर यसको संरक्षण र यसबाट अधिकतम लाभ लिनेतर्फ ध्यान दिइएन' मुल्मीले भने-'अब पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल बन्ने निश्चित भएको छ, विमानस्थल सँगै बढ्ने पर्यटकलाई लक्षित गरेर हामीले रिक्रिएसन सेन्टरहरु निर्माण गर्नुपर्छ ।' फेवातालमा भएको अतिक्रमण रोक्दै तालको अधिकतम उपयोग गर्नुपर्ने मुल्मीको भनाइ छ । 'फेवाताल छ भनेर हामीले गर्व गरेरमात्र हुँदैन, त्यसबाट फाइदा लिन सक्नुपर्छ' मुल्मीले भने-'अब हामीले फेवातालमा पर्यटक लोभ्याउने खालका आधुनिक प्रविधियुक्त मनोरञ्जनात्मक गतिविधि सञ्चालन गर्नुपर्छ ।' पोखरामा पर्यटकीय विकासका लागि तालमा नयाँ गतिविधि बढाउने गरी गुरुयोजना बनाउनुपर्ने उनले बताए । यसका लागि सरोकारवाला सरकारी निकाय र व्यावसायीहरु मिलेर अगाडि बढ्नुपर्ने उनको भनाइ छ ।

पैदल हिंड्ने ठाउँदेखि वाटर फाउण्टेनसम्म

फेवातालको पर्यटनलाई आधुनिकीकरण गर्न के-के गर्न सकिन्छ ? यो प्रश्नमा उद्यमी मुल्मीले तालमा वाटर फाउन्टेन बनाउनेदेखि लिएर ताल वरिपरि फुट ट्रेल तथा साइकल ट्रेल बनाउने सकिने बताए ।ताललाई असर नपार्ने खालका वाटर स्पोर्टस् सञ्चालन गर्ने गरी गुरुयोजना बनाउनुपर्ने मुल्मीको सुझाव छ । यसका लागि सरकारी निकायले सहयोग गर्नुपर्ने उनी बताउँछन् । फेवातालको किनारमा फुट ट्रेल बनाउने काम सुरु भएको थियो । त्यो पनि अहिले रोकिएको छ । फेवातालको वरिपरि सुन्दर बँगैचासहितको फुट ट्रेल र साइकल ट्रेल बनाउन सकेमा राम्रो हुने उद्योगीहरु बताउँछन् ।

अहिले रत्न मन्दिर अगाडि फेवाताल साँघुरिएको छ । त्यहाँ वाटर फाउन्टेन बनाउने परिकल्पना गरिएको मुल्मीले बताए । ऐतिहासिक रत्न मन्दिरको कम्पाउन्डमा बसेर फेवातालमा वाटर फाउन्टेनको मज्जा लिन सकिने उनको दाबी छ । मुल्मीका अनुसार रत्नमन्दिर अगाडि वाटर फाउन्टेन बनाउन करिब ६ देखि ७ करोड लाग्ने अनुमान गरिएको छ । फेवातालमा वाटर फाउन्टेन बनाउनका लागि कोलकाताको एउटा कम्पनीलाई अध्ययन गर्न बोलाइएको छ । उसले वाटर फाउन्टेन बनाउन चासो देखाएको मुल्मीले बताए ।

तर, रत्नमन्दिर सरकारी सम्पत्ति भएको हुँदा सरकारले यसमा सहजीकरण गर्नुपर्ने उनी बताउँछन् । सरकारले सहयोग गरे तत्कालै काम सुरु गर्न सकिने मुल्मीले बताए ।

ताइपेईमा जस्तै बुद्धलाई देखाउन सकिन्छ : फेवातालमा वाटर फाउण्टेन कस्तो बनाउने भन्ने प्रशंगमा मुल्मीले ताइवानको रोचक उदाहरण दिए । 'वाटर फाउन्टेन विभिन्न दृश्य भएको बनाउन सकिन्छ, ताइपेईमा बनाइएको वाटर फाउन्टेनमा बुद्धको पुरै जीवनी देखिँदोरहेछ, त्यहाँको वाटर फाउन्टेनले बुद्धको चित्र विचित्र देखाउँछ' मुल्मीले भने-'फेवातालमा कुन थिममा बनाउने भनेर छलफल गर्न सकिन्छ ।' त्यसो त अघिल्लो बजेटमा सरकारले फेवातालमा वाटर फाउन्टेन बनाउने भनेर बजेटसमेत विनियोजन गरिएको थियो, त्यो बजेट कहाँ पुग्यो, पोखरेलीले थाहा पाउन सकेनन् । अनलाइनखबर डटकम अफ्नो साइटमा लेख्छ-'फेवाताललाई व्यवस्थित पर्यटकीय गन्तव्य बनाउने थुप्रै चिया गफ भए पनि अहिलेसम्म केही सिन्को भाँचिएको छैन ।'

तालमा इन्फेसिस जहाज उडाउँ

उद्यमी मुल्मी यतिबेला नेपालका तालहरु इन्फेसिस जहाज उडाएर जोड्नुपर्ने अभियानमा जुटेका छन् । पानी र जमीन दुबै ठाउँमा उड्न सक्ने जहाजमार्फत फेवाताल र बेगनास तालदेखि राराताल, फोक्सुण्डो लगायतका तालहरु जोड्न सकिन्छ । पोखराबाट सिधै राराताल पुग्न चाहने पर्यटकलाई सेवा दिन सकिन्छ । इन्फेसिस जहाज उडाउनका लागि सरकारी निकायलाई सोध्दा कसले अनुमति दिने भन्ने गरिएको मुल्मीले सुनाए । 'अब हामीले नयाँ प्रोडक्टको डिजाइन गर्नैपर्छ, पर्यटकले पैसा खर्च गरेर फेवातालबाट राराताल पुग्न खोजे भने त्यो सुविधा हामीले किन नदिने ?' मुल्मीले प्रश्न गर्दै भने-'हामी यो इन्फेसिस जहाज पोखरबाटै सुरु गरौं भन्ने अभियान चलाउँछौं, सरकारले यसको निमय बनाउनैपर्छ ।'

मन्दिर उद्घाटन

गोल्डेन न्यूज संवाददाता
पोखरा ३ वैशाख ।

पोखरा उपमहानगरपालिका-२३ निर्मलपोखरी काहुँलेकोटमा नवनिर्मित दुर्गा मन्दिरको उद्घाटन गरिएको छ । मन्दिर निर्माणमा सबैभन्दा बढी चन्दा सहयोग गर्ने पोखरा ६ लेकसाइड निवासी रामचन्द्र कार्की र माया कार्कीले चैते दशैंको अवसर पारी मन्दिरको उद्घाटन गरेका हुन् । यो मन्दिर निर्माण सँगै काहुलेकोट पुग्ने धार्मिक पर्यटकको संख्यामा वृद्धि हुनेमा दुर्गा भगवती निर्माण तथा व्यवस्थापन समितिको विश्वास छ । दुर्गा भगवती निर्माण तथा व्यवस्थापन समितिका अध्यक्ष कर्ण बहादुर लामिछानेको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा एमालेका पूर्व गाविस उपाध्यक्ष मुक्ति पौडेल, टोल विकास संस्थाका अध्यक्ष यज्ञप्रसाद अधिकारी, समितिका सचिव डिल्लिराज पौडेल, कोषाध्यक्ष कर्णबहादुर लामिछाने लगायतले आ-आफ्नो भनाइ राखेका थिए । धार्मिक र पर्यटकीय स्थल काहुँलेकोटबाट अन्नपूर्ण, माछापुच्छ्रे लगायतका हिम श्रृङ्खला, पोखरा उपत्यका, कास्कीका अधिकांश तालको रमणीय दृश्यावलोकन गर्न सकिने सचिव डिल्लिराज पौडेलले बताए । नगद ३ लाख ५० हजार र रुपैयाँ र जन श्रमदान २ लाख ५० हजार गरी कुल ६ लाख रुपैयाँको लागतमा यो मन्दिरको निर्माण सम्पन्न भएको हो । कार्यक्रममा डल्ली पौडेल, बेदबहादुर लामिछाने लगायतका चन्दादाता र जग्गादातालाइ सम्मान गरिएको थियो ।

क्यालेडर विमोचन

काठमाडौं ३ वैशाख ।

राखि चौतारी युवा क्लव लेखनाथ ४ ले नयाँ बर्षको अवसर पारेर सुक्रवार एक कार्यक्रमका विच शुभकामना आदान-प्रदान सहित बार्षिक भित्रेपात्रो विमोचन गरेको छ। भित्रेपात्रोको बिमोचन गर्दै सामान्य प्रशासन मन्त्रालयका अधिकृत श्रीप्रसाद अधिकारीले युवाहरुले विकास निमार्णको क्षेत्रमा नेतृत्वदाई भुमिका निभाउदै स्वदेशमा नै केही गरौं भन्ने सोचका साथ अगाडि वढ्नु पर्ने सुझाव राखेका थिए।

मनकामना कपमा आर्मी विजयी

गोल्डेन न्यूज संवाददाता
पोखरा ३ वैशाख ।

पोखरा रंगशालामा जारी पांचौ मनकामना पोखरा कपमा त्रिभुवन आर्मी क्लव क्वाटर फाइनलमा प्रवेश गरेको छ । शुक्रबार पोखरा रंगाशालामा सम्पन्न खेलमा त्रिभुवन आर्मी क्लवले सरस्वती युथ क्लवलाई ३-१ गोल अन्तरले पराजित गर्दै मनकामना पोखरा कपको क्वाटर फाइनलमा प्रवेश गरेको हो । शुक्रबार सम्पन्न खेलको १४ औं मिनेटमा आर्मीको नवयुग श्रेष्ठले गोल गर्दै आर्मीलाई अग्रता दिलाएका थिए । खेलको ४५ औ मिनेटमा सरस्वतीका सुसान लामाले गोल फर्काए पछि खेल अझै प्रतिस्पर्धात्मक भएको थियो । त्यस्तै दोश्रो हाफको १३ औ मिनेटमा आर्मीको धिरज तामाङले आर्मीको लागि दोश्रो गोल गरेका थिए भने खेलको ८६ औ मिनेटमा आर्मीका नवयुगले आर्मीको लागि तेश्रो गोल गर्दै आर्मीलाई अघिल्लो चरणमा प्रवेश गर्न सफल बनाएका थिए ।

हार्दिक समवेदना

जन्म: वि.स.:१९८७/०८/१५

स्वर्गारोहण वि.स.:२०७२/१२/२२

स्व. उजेली गोशेली

शुभकामना महिला विकास केन्द्रकी संस्थापक अध्यक्ष श्रीमती तीर्थ श्रेष्ठकी ममतामयी माता उजेली गोशेलीको असामयिक निधन भएकोमा हामी अत्यन्तै मर्माहत भएका छौं। उहाँको निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

राधिका थापा
अध्यक्ष एवं
शुभकामना महिला विकास केन्द्र परिवार
सिद्धार्थचोक, पोखरा

के तपाईमा यौनसम्बन्धी समस्या छ ?

पुरुषमा देखिने : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष ।
महिलाहरूमा देखिने : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवीका साथै अन्य चर्मरोगहरू ।

महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानको सफल उपचार
मलद्वार सम्बन्धी रोग : पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दु:ख्ने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।

बिरामी जाँच्ने समय : बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on : www.goldennews.com.np

बैंक व्यालेन्स

बैंक व्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क
९८२६१-०६६०२

हार्दिक समवेदना

जन्म: वि.स.:१९८७/०८/१५

स्वर्गारोहण वि.स.:२०७२/१२/२२

स्व. उजेली गोशेली

चिप्लेढुङ्गा टोल विकास संस्थाका कोषाध्यक्ष श्रीमती तीर्थ श्रेष्ठकी ममतामयी माता उजेली गोशेलीको असामयिक निधन भएकोमा हामी अत्यन्तै मर्माहत भएका छौं। उहाँको निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

भरत प्रसाद पराजुली
अध्यक्ष एवं
चिप्लेढुंगा टोल विकास संस्था परिवार
पोखरा-४, कास्की

प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्का : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७

ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस

चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतवन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

आवश्यकता

पद	आवश्यक संख्या
कुक	१ जना
सर्भिस वेटर	३ जना
डिस वासर	१ जना

पारिश्रमिक : आकर्षक/आपसी समझदारीमा
vfg] ;ljwf /x]$f]5.
सम्पर्क : **द ड्रिम फुड क्याफे**
पोखरा ट्रेडमलको तेस्रो तला, चिप्लेढुङ्गा, पोखरा
फोन : ९८४३२१४६०९, ९८२५१४११९९

पोखरामा पहिलो पटक

यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, नितम्ब कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाइ बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
ढाड तथा जोर्नी दुखाई ठिक पार्ने, सन्धी सुधा पेनलिल।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्वल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

अब जमाना होमियोप्याथिक उपचारको

आरोग्यधाम होमियोप्याथिक हस्पिटल प्रा. लि.

अनेक समस्या सफल उपचार

ग्यास्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, भुसिल डकार आउने जस्तो सुकै पुरानो ग्यास्ट्रिकको सफल उपचार ।
यौन समस्या:- शिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्वन्धि समस्या
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो धावो पोतो, डण्डिफोर, दाग धब्बा, मसिना कोठी, ... हटाई पुरै शरिर गोरो बनाउने ।
थप उपचार:- ... बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुखाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८
फ्रि होम डेलिभरि

सेक्यूरिटी गार्डमा वैदेशिक रोजगारको सुवर्ण अवसर

Abudhabi ... Spark Middle East Star Skill Force, UAE ... DPS ... Group-4 ... Diplomatic ...
तयारी कक्षा धमाधम
सम्पर्क
आमौर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि

लायन्सले अब आर्थिक संवृद्धितर्फ ध्यान दिनुपर्छ-थापा

ध्रुव बहादुर थापा, लायन्स डिष्ट्रिक्ट ३२५ बी १ नेपालका २०१५/०१६ को गभर्नर हुन्। सन् १९९९ मा लायन्स क्लव अफ पोखरा चौतारीको सदस्य बनेर लायनवादमा प्रवेश गरेका २००६/२००७ मा क्लबको अध्यक्ष हुँदै लायन्स अन्तर्गत डिष्ट्रिक्टको विभिन्न भूमिका निर्वाह गरि गभर्नर बनेका हुन् । थापा वि.सं. २०२६ सालमा पिता चन्द्रबहादुर थापा र माता चन्द्रकला थापाका कान्छा छोराका रुपमा जन्मिएका थापा लायन्समार्फत सामाजिक एवं मानवीय सेवामा क्रियाशिल हुनुहुन्छ। अटोमोवाइल, रियल स्टेट र वित्तिय संस्थामा समेत संलग्न थापाले आफ्नो कार्यकाल सफल भएको बताउँछन् । पोखरामा आयोजित महाधिवेशनको सन्दर्भमा गभर्नर थापासंग गोल्डेन न्यूज दैनिकका लागि गरिएको कुराकानी यहाँ प्रस्तुत छः

ध्रुव बहादुर थापा
डिष्ट्रिक्ट गभर्नर (२०१५/०१६)
लायन्स डिष्ट्रिक्ट ३२५ बी १ नेपाल

वास्तवमा लायन्स के हो ?

लायन्स 'हामी सेवा गर्छौं' भन्ने मूल उद्देश्यका साथ अघि बढेको र सामाजिक एवं मानवीय क्षेत्रमा क्रियाशिल विश्वकै सबैभन्दा ठूलो सामाजिक संस्था हो । आफ्नो स्वधर्मको कर्तव्य पालन गरी समाजका दुःखी, अशक्त र आफू भन्दा कम सुविधा प्राप्त व्यक्तिहरुलाई आवश्यकता अनुसारको सेवा गर्ने संस्था हो । लायन्सको नेटवर्क २ सय १० राष्ट्रमा विस्तार भएको छ भने करीब १४ लाख सदस्य लायन्समा सक्रिय छन् ।

लायन्सको उद्देश्य के-के हुन् ?

लायन्सका उद्देश्य धेरै छन् । आफ्नो बचत भएको समय र आफ्नो स्वआर्जनको केहि अंशलाई समाजको आवश्यकता अनुसार परोपकारका कार्यहरु गरी आत्म सन्तुष्टिको अनुभूति गर्नु नै लायनवादको आर्दश हो । युवादेखि वृद्धसम्म सामाजिक भावनाले ओतप्रोत भएका जो सुकै पनि यसको सदस्य बन्न सक्छन् । लायन्सले सेवा भाव राख्ने व्यक्तिहरुलाई व्यक्तिगत आर्थिक लाभको उद्देश्य नराखी समुदायमा जहाँ जे आवश्यकता पर्छ त्यहाँ सेवा गर्न प्रोत्साहित गर्छ ।

मुलुकले विनासकारी महाभूकम्पको सामना गरिरहँदा तपाई लायन्सको गभर्नर चुनिनुभयो। समग्रमा तपाईको कार्यकाल कस्तो रह्यो ?

निश्चय नै हो लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ बी १ नेपालको तेस्रो महाधिवेशन काठमाडौंमा चलिरहँदा नेपालमा विनाशकारी महाभूकम्प गएको थियो । हाम्रो महाधिवेशनको उद्घाटन सत्र चलिरहँदा एक्कासी आएको महाभूकम्पले हामीमा एक खालको सन्त्रास छायो । हामीबीच भाग दौड मच्चियो । आएका अतिथिहरु सहित हामीहरु पनि कार्यक्रम स्थल छाडेर बाहिरिन पुग्यौ । हामी सबै जना सुरक्षित स्थानका लागि खुल्ला चौरमा गयौं । चुनौतीका वीचमा पनि हामीले खुल्ला चौरमा आफ्नो नेतृत्व चयन गरेर लायन्सले गर्ने मानवीय सेवाका कार्यलाई निरन्तर अगाडि बढायौं ।

देशले भोग्नु परेको विनासकारी महाभूकम्प, त्यसपछि बाढी पहिरो, नाकावन्दी लगायतका असहज परिस्थितिका बीचमा पनि हामीले थुप्रै मानवीय सेवाका कार्यहरु गर्न सफल भएका छौं । आफ्नो कार्यकाल सुरुवात नहुँदै हामी तत्काल उद्धार र राहतमा जुट्नु पऱ्यो । त्यो बीचमा हामी लायन्सहरुले नै करिब पाँच करोड रुपैयाँ बराबरको राहतका सामाग्रीहरु संकलन गरेर भूकम्प प्रभावित क्षेत्रमा आँफै पुगेर सिधै भूकम्पपीडितहरुलाई वितरण गर्न सफल भयौं । राज्यको उपस्थित नहुँदै लायन्सका सदस्यहरु त्यहा पुगेर उद्धार तथा राहतमा खटिएका थियौं । समग्रमा भूकम्पबाट सुरुवात भएको मेरो कार्यकाल त्यसपछि बाढी-पहिरो पीडितहरुलाई राहत तथा भूकम्पपीडितहरुलाई पुनःस्थापनामा नै बढी समय खर्चिनु पऱ्यो ।

भूकम्पपीडितकै सहयोगार्थ हामीले 'एक लायन्स एक न्यानो कपडा' अभियान संचालन गर्‍यौं । उक्त अभियानमा करिब ५७ लाख रुपैयाँ बराबरको न्यानो कपडा संकलन भयो । संकलित कपडा भूकम्प प्रभावित जिल्ला गोर्खा, धादिङ्ग, नुवाकोट, सिन्धुपलाञ्चोक, काभ्रे, रसुवाका करिब ३ हजार ६०० घर परिवारलाई वितरण गऱ्यो । यो अभियान पनि निकै सफल र सान्दर्भिक कार्यक्रम भएको मैले महसूस गरेको छु ।

तपाइँको कार्यकालमा भएका उल्लेख्य कार्यहरुलाई कसरी सम्झनुहुन्छ ?

जाडो महिनामा सबै भन्दा पहिले लायन्सले नै भूकम्पपीडितका लागि एक लायन्स एक न्यानो कपडा अभियान संचालन गरि करिब ५७ लाख रुपैयाँ बराबरको ८ हजार २ सय थान व्ल्याङ्केट संकलन गरेर भूकम्प पीडितलाई प्रदान गरेको थियौं ।

पोखराको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा लायन्स हर्ट केयर सेन्टरको स्थापनाका लागि प्रक्रिया अगाडि बढेको छ । हर्टकेयर सेन्टर लायन्स क्लव अन्तर्राष्ट्रियको सहयोग र पोखरा उद्योग वाणिज्य संघको सहकार्यमा स्थापना हुन लागेको हो । हर्टकेयर सेन्टरका लागि आवश्यक पर्ने झण्डै डेढ करोड रुपैयाँ बराबरको अत्याधुनिक मेशिन छिटै आउदै छ ।

यस्तै कास्कीकै लेखनाथ नगरपालिकामा संचालित लायन्स सामुदायिक अस्पतालमा प्रसुति सेवा र बाल उपचार केन्द्र स्थापना गर्नका लागि लायन्सबाट नै एक करोड ५० लाख रुपैयाँ वरावरको अत्याधुनिक उपकरणहरु ल्याउनका लागि प्रयास थालिएको छ । यसका अलवा लायन्स अन्तर्राष्ट्रियको सहयोगमा भूकम्प प्रभावित क्षेत्रमा भूकम्प प्रतिरोधात्मक एक हजार घरहरु बनाउने निर्णय गरेका छौं । तर यसका लागि सरकारले हामीलाई स्थान नतोकेकाले काम अगाडि बढाउन सकेका छैनौं । आशा छ, सरकारले छिट्टै स्थान तोकिदिने छ । भूकम्पबाट भत्किएका विभिन्न जिल्लामा ३० वटा विद्यालय निर्माण कार्य भने शरु भईसकेको छ । एउटा विद्यालय भवन निर्माणका लागि ८० लाख देखि १ करोड रुपैयाँसम्म खर्च हुने प्रारम्भिक अनुमान छ । भूकम्प पश्चात म आँफै संलग्न रहेको कम्पनी फोर्स मोटर प्रालिको तर्फबाट तीन वटा अत्याधुनिक एम्वुलेन्सहरु काठमाडौं, गण्डकी र धौलागिरी क्षेत्रमा संचालनका गरिरहेका छौं । उक्त एम्वुलेन्स एक करोड मूल्य बराबरका छन् ।

तपाइँको कार्यकालमा डिष्ट्रिक्ट ३२५ बी १ र नेपाल लायन्स फाउण्डेशनमा भएका प्रगतिहरु के-के छन् ?

मेरो कार्यकालमा डिष्ट्रिक्टमा सोचेभन्दा बढी प्रगति भएका छन् । यसवर्षमात्र नेपाल लायन्स फाउण्डेशनको सदस्य बन्नेहरु अत्याधिक रहे । यस अवधिमा ७५ जना लायनहरुले नेपाल लायन्स फाउण्डेशनको सदस्य (एनएलएफ) बने । उनीहरुबाट १ करोड ४४ लाख रुपैयाँ फाउण्डेशनको कोषमा संकलन भएको छ । मेरो कार्यकालमा डिष्ट्रिक्टबाट ३ जना मेल्भिन जोन फेलोशिप (एमजेएफ) मा प्रवेश गर्नुभएको छ । यसैगरी डिष्ट्रिक्टमा ४२ वटा नयाँ क्लव र करिब १ हजार ६ सय जानाले लायन्सको सदस्यता लिए । यसलाई पनि उत्कृष्ट सफलता मान्न सकिन्छ । डिष्ट्रिक्ट ३२५ बी १ मा हाल ६ हजार ५ सय सदस्य रहेका छन् भने नेपालका १९ हजार नागरिक लायन्समा क्रियाशिल छन् ।

आफ्नै होम टाउन पोखरामा महाधिवेशन आयोजना गर्नुभयो। व्यवस्थापन कसरी मिलाउनुभएको छ ?

म निकै खुशी छु र गौरवान्वित भएको छु । महाधिवेशनलाई ऐतिहासिक, सभ्य र भव्य रुपमा सफल पार्न सम्पूर्ण पोखरेली लायन्सहरु सक्रिय भएर लागेका छन् । महाधिवेशन लायन्सहरुको भएपनि यसलाई सम्पन्न गर्न आम पोखरेलीले समेत आ-आफ्नो क्षेत्रबाट महत्वपूर्ण सहयोग गरिरहेका छन् ।

महाधिवेशन कार्यक्रम पोखराको सभागृहमा हुनेछ । महाधिवेशन स्थल पोखरा सभागृहलाई व्यवस्थित गरिएको छ । सभागृह हलभित्र १ हजार ३ सय जनामा अटाउन सकिन्छ । हलभित्र समावेशन गर्न नसकिने प्रतिनिधिलाई सभागृह बाहिर पनि अस्थाई डोम निमार्ण गरि भित्र भएका गतिबिधि लिड स्क्रिन मार्फत बाहिर देखाउने व्यवस्था मिलाएका छौं । यो पोखराको नितान्त फरक ढङ्गको कार्यक्रम पनि हुनेछ । महाधिवेशन सम्पन्न गर्नका लागि गठित ४६ उप-समितिका संयोजक एवं सदस्यहरुले आफ्नो दिलो ज्यान दिएर काम गर्नुभयो । आ-आफ्ना जिम्मेवारीहरु पूर्ण रुपमा पूरा गर्नुभएको छ । उहाँहरु सबैलाई म हृदयदेखि नै धन्यवाद एवं आभार प्रकट गर्दछु ।

महाधिवेशनका लागि पोखरालाई नै किन रोज्नु भयो ?

यस पटकको महाधिवेशनलाई पोखराको पर्यटन प्रवर्द्धन गर्ने माध्यमको रुपमा हामीले लिएका छौं । महाभूकम्प, बाढीपहिरो, नाकावन्दी जस्ता विषम परिस्थितिले थिलो-थिलो बनेको पोखराको पर्यटन व्यवसायलाई थोरै भएपनि राहत पुगोस भन्ने उद्देश्यले हामीले पोखरालाई नै रोजेका हौं । हामीले महाधिवेशनको मुख्य नारा नै 'जाउँ है पोखरा लायन्स महाधिवेशनमा' तय गरेका छौं । महाधिवेशनमा डिष्ट्रिक्टको नेतृत्वमा रहेका करिब तीन हजार लायन्सहरु सहभागी हुँदैछन । जब कि उनीहरु विभिन्न पेशा-व्यवसायमा संलग्न हुनुभएका समाजका उत्कृष्ट व्यक्तिहरु हुन् । उहाँहरु यहाँ आउनु नै पोखराको समग्र पर्यटन प्रवर्द्धनका लागि महत्वपूर्ण हुनेछ । पोखरा आँफैमा सुन्दरी नगरी भएकाले यहाँ आउने पर्यटकहरु जो कोही पनि लोभिने गर्दछन् । पोखरामा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका लायन्सहरुलाई पोखरामा ल्याउनु नै महत्वपूर्ण पक्ष हो ।

के अबपनि लायन्स पुरानै ढर्राबाट चल्न सम्भव छ ? लायन्सलाई अब पृथक ढङ्गले संचालन गर्नु जरुरी छैन ?

ठीक कुरा उठाउनुभयो । तपाइँले भनेजस्तो हामीले पुरानै ढर्रा बाटमात्र लायन्सलाई संचालन गरेका छैनौं । मेरो कार्यकालमा कुनै न कुनै ढङ्गबाट फरकपन आयो । म गभर्नर भएदेखि नै 'मेक अ डिफरेन्स' को नारा लिएर अघि बढें । जून सफल पनि भयो । देशको परिस्थितिले हामी सेवामा मात्र केन्द्रित भएजस्तो देखियौं । सबै लायन्स र क्लवहरुपनि सेवा गर्नतर्फ नै उन्मुख भएको पनि यथार्थ हो । तर हामीले विकास निर्माणका काम गर्नुका साथै आर्थिक संवृद्धिका कुरा पयिन उठाइरहेका छौं । मुलुककले संविधान पाएपछि राजनीतिक दलहरुपनि आर्थिक संवृद्धितर्फ उन्मुख भइरहेका छन् । अन्तर्राष्ट्रिय लायन्स आर्थिक संवृद्धिकै बाटोमा अघि बढिरहेको अवस्था छ । नेपालका लायन्सहरुमा पनि आर्थिक संवृद्धिको चेतना आएको छ । मुलुकको परिस्थितिले हामीले जे गऱ्यौं, ठीकै गऱ्यौं भन्ने लाग्छ । अबको नेतृत्वले समाजिक, मानवीय सेवाका साथै मुलुकको आर्थिक संवृद्धितर्फ पनि ध्यान पुऱ्याउन जरुरी छ ।

लायन्सको भावी नेतृत्वका लागि यस क्षेत्रबाट एक पछि अर्को उम्मेदवारी परेको छ। यसले पोखरा पनि नेतृत्वको लागि उर्वरभूमि हो भन्न सकिन्छ ?

पक्कै पनि । यो महाधिवेशनको अर्को उद्देश्य भावी नेतृत्व चयनका लागि पनि हो । हाम्रो डिष्ट्रिक्टमा वागमती, गण्डकी, धौलागिरि र लुम्बिनी अन्तर्गतका जिल्लाहरु रहेका छन् । यिनै क्षेत्रबाट आलो-पालो र प्रतिस्पर्धात्मक ढङ्गले नेतृत्व चयन हुन्छ । नेतृत्व सबैसँग समन्वय गर्न सक्ने, सक्षम र सवल पनि हुन्छ । लायन्सको नेतृत्वका लागि अन्य राजनीतिक दल वा संघ-संस्था जस्तो अस्वस्थ प्रतिस्पर्धा भने हुँदैन । पोखराका हरेक लायन्स सदस्यहरु सक्षम र जुझारु र क्षमतावान छन् । यहाँको सामूहिक एकताले पनि सक्षम नेतृत्व जन्माउन सहयोगी भूमिका खेल्दै आएको छर्लङ्ग छ ।

अन्त्यमा भन्नुपर्ने केहि छ कि ?

चौथो राष्ट्रिय महाधिवेशनमा पोखरामा आउनुहुने सम्पूर्ण लायन्स तथा लियो मित्रहरुलाई म डिष्ट्रिक्ट गर्भनर वा आयोजकको नाताले न्यानो स्वागत गर्दछु । पोखरेली, पोखरा र लायनवादको सिद्धान्तलाई आत्मसात गर्नेहरुले महाधिवेशनलाई सभ्य र भव्य बनाउन आफ्नो तर्फबाट सहयोग गरिरहनु भएको छ । म सबैलाई आभार व्यक्त गर्दछु । म डिष्ट्रिक्ट गभर्नरमा चुनिएपछि मेरो कार्यकालमा भए गरेका चुनौतिहरु, त्यसको सामना, सामाजिक क्षेत्रमा भएका उल्लेख्य कार्यहरुका साथै चौथो महाधिवेशनमा केन्द्रित रहेर सहयोग गर्नुहुने सबै संचारमाध्यम तथा पत्रकारहरुलाई धन्यवाद व्यक्त गर्दछु । विशेषगरि लायन्स क्लवको पोखरामा हुने सबै महाधिवेशनमा गोल्डेन न्यूज दैनिकले विशेषाङ्क प्रकाशित गरेर लायन्सका गतिविधिलाई महत्व दिंदै आएका छ यसका लागि गोल्डेन न्यूज दैनिक परिवारप्रति पनि आभार प्रकट गर्दछु ।

हार्दिक शुभकामना

नयाँवर्ष २०७३ को पावन अवसरमा
हार्दिक मंगलमय शुभकामना !

लायन्स क्लव अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ बी १ नेपालको पोखरामा आयोजित चौथो महाधिवेशनको पूर्ण सफलताको कामना गर्दै महाधिवेशनका सम्पूर्ण सहभागीहरुलाई पोखरामा हार्दिक स्वागत गर्दछौं ।

विन्दुकुमार थापा
अध्यक्ष एवं
पोखरा उद्योग वाणिज्य संघ परिवार
पोखरा-४, गैरापाटन

हार्दिक शुभकामना

नयाँवर्ष २०७३ को पावन अवसरमा हार्दिक मंगलमय शुभकामना !

लायन्स क्लव अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ बी १ नेपालको पोखरामा आयोजित चौथो महाधिवेशनको पूर्ण सफलताको कामना गर्दै महाधिवेशनका सम्पूर्ण सहभागीहरुलाई पोखरामा हार्दिक स्वागत गर्दछौं ।

❖नगरपालिकामा तिर्नुपर्ने सम्पूर्ण कर समयमै तिरेर सभ्य नागरिकको परिचय दिऔं
❖पोखरालाई प्लाष्टिक निषेधित क्षेत्र बनाउने अभियानलाई सबै क्षेत्रबाट सहयोग गरौं ।
❖मापदण्ड विपरितका निर्माण कार्यलाई निरुत्साहित गरौं,
नक्सा पास गरेरमात्र भवन तथा अन्य संरचना निर्माण गरौं ।
❖पोखरालाई स्वायत्त मेट्रोसिटी बनाउने सपना साकार पारौं

झलकराम अधिकारी
कार्यकारी अधिकृत/प्रमुख
पोखरा उप-महानगरपालिका कार्यालय
न्यूरोड, पोखरा-८

लायन्स र अन्तर्राष्ट्रिय महाधिवेशनका १०० वर्ष

आज भन्दा १३६ वर्ष अगाडि सन् १८७९ जनवरी १३ तारिका दिन संयुक्त राज्य अमेरिकाको एरिजोना फोर्टथोमसमा लायन्स क्लव अन्तरर्राष्ट्रियका संस्थापक मेल्भीन जोनको जन्म भएको हो। अमेरिकी आर्मीको गुप्तचर विभागमा क्याप्टेन रहेका मेल्भीजोनका बुवा सेनाका एक सफल र कर्तव्यनिष्ठ अधिकृत थिए। आर्मी संस्कृतिमा आफ्नो बाल्यकाल विताएका मेल्भीन जोन अलि निडर तथा प्रष्ट वक्ता थिए। अमेरिकाको अलि दुर्गम स्थानमा जन्म भएपनि बुवाकै समयमा उनको परिवार सिकागोको मध्यसहर स्थित इलिनोइसमा बसाईं सरेको थियो। व्यवस्थित रहन सहन हुर्केको र अभाव कहिल्यै सामाना गर्नु नपरेका मेल्भीन जोन स्वाभावका हिसाबले अत्यन्त कोमल हृदयका थिए।

आफ्नो उच्च शिक्षा सम्मको अध्ययन पूरा गरेपछि मेल्भीन जोनले विमा **(Insurance)** को क्षेत्रलाई आफ्नो कार्यक्षेत्रका रुपमा वा क्यारियरका रुपमा अगाडि बढाए। सुरुमा अन्य कम्पनीमा काम सुरु गरेका उनले सन् १९१३ मा आफ्नै विमा एजेन्सीको स्थापना गरेका थिए। मुलतः व्यावसायिक क्षेत्रका व्यक्तिहरूसँग सङ्गतमा अगाडि वढेको उनको व्यावसायिक छवि अत्यन्त सफल र उच्च बन्दै गइरहेको थियो, जसका कारण उनी आफ्नो व्यावसायिक सङ्गठनमा (**Men's Club**) सचिवका रुपमा निर्वाचित समेत भएका थिए। एकातिर सम्बृद्ध समाजमा जन्मिए हुर्किएको भएपनि प्रथम विश्व युद्ध चलिरहेको र त्यसको प्रत्यक्ष असर समाजमा परिरहेको थियो मानिसहरू एक आपसमा अप्ठ्यारो पर्दा समेत टुलुटुलु हेरेर बसिरहेको अत्यन्त दर्दनाक परिदृश्यले मेल्भीन जोनलाई सताइ रहन्थ्यो। यही संवेदनशील विषयलाई सम्वोधन गर्नु पर्दछ भन्ने सोच पटक पटक आएपछि मेल्भीन जोनले आफ्ना व्यावसायिक वृतका साथीहरूसँग यस क्षेत्रलाई कसरी सम्वोधन गर्न सकिन्छ भनेर पटक पटक छलफल चलाए।

अन्ततः सन् १९१७ को जुन ७ तारिकका दिन उनीहरूको तत्कालीन मेन्स क्लवका सदस्य तथा अन्य समाजका प्रतिष्ठित व्यक्तिहरूको जमघटका बीच बिशुद्ध मानवीय सेवा गर्ने, हरेक व्यक्तिले आफूभन्दा कम अवसर र बढी समस्या भएका व्यक्तिलाई सक्दो सहयोग गर्न तत्परता देखाउने उद्देश्यका साथ एक सँगठनको ढाँचा सहित लायन्स क्लवको स्थापना भएको घोषण गरे। स्थापनाको सुरुवाती समयका केही पछाडि देखिनै मेल्भीन जोनले आफ्नो व्यवस्थित विमा व्यवसायलाई समेत त्यागेर समाज सेवामा समाहित भई लायन्स क्लवको हेडक्वाटर सिकागोमा स्थापना गरे र यसमै पूर्णकालीन रुपमा क्रियाशील भए। सन् १९१७ मा लायन्स क्लव स्थापना भएपछि यसले अमेरिकाभरी आफ्नो काम र गतिविधिलाई बिस्तार गर्दै गए र यसले अमेरिका बाहिर पनि आफ्नो गतिविधि बढाउने क्रममा सबैभन्दा पहिला क्यानडामा आफ्नो सञ्जाल अगाडि वढायो र सन् १९२० मा डेनभोर कोलोराडो अमेरिकामा सम्पन्न महाधिवेशनले यस क्लवको नाममा अन्तर्राष्ट्रिय थप गरी लायन्स क्लवले अन्तर्राष्ट्रिय रुपमा मान्यता प्राप्त गर्‍यो।

यसरी लायन्स क्लव प्रथम विश्वयुद्ध पश्चात् जन्मिसकेको अवस्थामा पुनः संसारभर ठूलो समस्याका रुपमा दोश्रो विश्वयुद्ध सुरु भयो। यही दोश्रो विश्वयुद्धको चरम दर्दलाई केही भए पनि मलमपट्टी लगाउन एक अन्तर्राष्ट्रिय संस्थाको जरुरत भई संसारका सबै देशहरूका बिच संयुक्त राष्ट्रसंघ स्थापना गर्ने कुरा चलिरहेको वेला अन्तर्राष्ट्रिय सञ्जाल भएको अन्य सँगठन अस्तित्वमा थिएनन् त्यसैले सन् १९४५ मा सन फान्सीस्कोमा सम्पन्न सयुक्त राष्ट्र संघको सम्मेलनमा लायन्स क्लवका संस्थापक मेल्भीन जोन लाई सल्लाहकारका रुपमा आमन्त्रण गरियो र यसको चार्टर लेख्ने जिम्मेवारी समेत मेल्भीन जोनलाई दिइएको थियो।

यसरी विशुद्ध मानवीय सेवा गर्ने **We Serve** भन्ने मूल मन्त्र लिई अगाडि बढाउँदै विश्वव्यापी सँगठन बिस्तार गर्न सफल लायन्स क्लवका संस्थापक मेल्भीन जोनलाई सन् १९५० को सिकागोमा सम्पन्न महाधिवेशनले आजीवन महासचिवको पदद्वारा सम्मान व्यक्त गर्दै यो पद अरु कसैका लागि नराखिने घोषणा गरियो भने सन् १९६१ मा डल्लास, टेक्सास अमेरिकामा सम्पन्न महाधिवेशन बाट निर्वाचित बोर्ड अफ डाइरेक्टरको बैठकद्वारा मेल्भीन जोनको जन्म दिन जनवरी १३ लाई लायन्स दिवसका रुपमा मनाउने निर्णय गरियो र तत्पश्चात संस्थापक मेल्भीन जोन चिरकाल सम्म स्मरणिय र पूजनीय रुपमा रहेका छन्।

आधुनिक युगका समाज सेवाको क्षेत्रका नक्षत्रका रुपमा स्थापति हुनु भएका मेल्भीन जोन समाजसेवी, कुशल सँगठक र लोकप्रिय सामाजिक अभियन्ताका रुपमा आफ्नो सम्पूर्ण जीवन बिताउनु भई सन् १९६१ जुन १ तारिकका दिन ८२ वर्षको उमेरमा स्वर्गारोहण हुनु भयो। यसरी अन्तर्राष्ट्रिय व्यक्तित्व बन्नु भएका स्व. मेल्भीन जोनले स्थापना गर्नुभएको यस लायन्स क्लव अन्तर्राष्ट्रियले हाल मूलतः अन्धोपन निवारण, पर्यावरण संरक्षण, डाइवेटिज तथा क्यान्सर सचेतना, युवा सशक्तिकरण तथा नेतृत्व विकास जस्ता विषयलाई प्राथमिकतामा राखी कामहरू गर्दै आइरहेको छ। हालसम्म विश्वका २१० देशमा सांगठनिक सञ्जाल रहेको यस क्लवमा झण्डै ७५० डिष्ट्रिक्ट ४७ हजार क्लव र करिब १४ लाख सदस्यहरू रहेका छन्। यसरी अत्यन्त व्यवस्थित सांगठनिक ढाँचा र सँगठन सञ्चालन विधि रहेको एक पूर्ण प्रजातान्त्रिक सँगठनका रुपमा लायन्स क्लवले आफ्नो पहिचान बनाउन सफल भएको छ। यसको झण्डै १०० वर्षको इतिहासमा विभिन्न समयमा केही नयाँ मोड र उतार चढाव वा नयाँ अवधारणाहरू आएका छन्। जुन मुख्य यस प्रकार छन् :-

१.सन् १९१७ जुन ७ मा अमेरिकामा लायन्स क्लवको स्थापना।

२.सन् १९२० मा अमेरिकामा मात्र रहेको क्लवलाई क्यानडामा बिस्तार गरी अन्तर्राष्ट्रिय सँगठन हुने घोषणा।

३.संस्थापक र आजीवन महासचिव मेल्भीन जोन हुनु भयो भने प्रथम अन्तर्राष्ट्रिय अध्यक्ष म्चा। ध्ए ध्ययमक (क्यानडा) हुनु भयो।

४.सन् १९२५ **Cedar Point ohio-USA** कन्भेसन मा **Kee Note Speaker** का रुपमा आमन्त्रित हेलेन केलरको सल्लाह र चुनौतिलाई स्वीकार गर्दै आफ्नो मुख्यकाम अन्धोपन निवारण अभियान चलाउने घोषणा।

६.सन् १९४५ सयुक्त राष्ट्र संघको स्थापनामा विशेष सहयोगी बन्दै चार्टर लेखनमा सहभागिता।

७.१९५७ देखि युवा कार्यक्रम र युवा प्रोजेक्टका रुपमा लियो क्लवको स्थापनाका **LEO = Leadership, Experience, Opportunity**।

८.सन् १९६८ मा ीऋऋँ को स्थापना (हाल संसारभर विभिन्न सेवाका प्रोजेक्ट सञ्चालन गर्ने विश्व व्यापी फण्डको निर्माण (लायन्स क्लव अन्तर्राष्ट्रिय फाउण्डेसन) स्थापनाको घोषणा।

९. सन् १९९० मा साइटफष्ट कार्यक्रमको कार्ययोजना सहितका योजनाको घोषणा।

१०. आज झण्डै १०० वर्ष पुग्न लागेको यस संस्थाले सन् २०१५ को अप्रिलदेखि सताब्दीऔं कार्यक्रमको घोषणा गरी सामाजिक सेवाको क्षेत्रमा विशेष काम र योजना अगाडि बढाई रहेको छ।

अन्धोपन निवारण र नेतृत्व विकासलाई जोड दिँदै आएकोमा हाल आएर शिक्षा, स्वास्थ्य पर्यायवरण संरक्षणको क्षेत्रमा समेत विशेष केन्द्रित भइरहेको छ। यस्तो प्रतिष्ठित संस्था लायन्स क्लव अन्तर्राष्ट्रिय सन् १९२० मार्च १२ मा अन्तर्राष्ट्रिय भयो। विश्वभरि हाल झण्डै १४ लाख सदस्य भएको यस संस्थाको पहिलो अन्तर्राष्ट्रिय सम्मेलन १९१७ मा अमेरिका स्थित डलास, टेक्सासमा भएको थियो। जुन क्लवको अस्तित्वको पहिलो वर्ष थियो। त्यसपछि यसको अन्तर्राष्ट्रिय कन्भेन्सन हरेक वर्ष जुलाई महिनाको अन्तिम हप्ताबाट सुरु हुने गरेका छन्।

ला. धनराज आचार्य
सेकेण्ड भाइस डिष्ट्रिक्ट गभर्नर

सन १९४५ मा दोश्रो विश्व युद्धका कारण निर्धारित समयमा महाधिवेशन हुन सकेन भने हुन सकेन भने सन् २००६ मा New Orieans मा हुने भनिएको अन्तर्राष्ट्रिय सम्मेलन **Katrina Huricane** ले गर्दा **Boston** मा सम्पन्न भएको थियो भने अरु सम्पूर्ण कन्भेन्सनहरू पूर्व निर्धारित मिति, स्थान र समयमा नै सम्पन्न भएका छन्। लायन्स अन्तर्राष्ट्रियको हालसम्मका अन्तर्राष्ट्रिय कन्भेन्सनहरु मध्ये अमेरिकामा मात्रै करिब ७५ वटा र त्यस बाहेक क्यानडा, मेक्सिको, क्युवा, फ्रान्स, जापान, अष्ट्रेलिया, हङकङ, कोरिया, इङल्याण्ड, चाइना, थाइल्याण्ड, जर्मनी लगायतका मुलुकमा सम्पन्न भएका छन्। यसवर्ष जापानको फुकुवकामा र त्यसपछि सन् २०१७, १८, १९ र २० मा क्रमशः अमेरिकाको सिकागो र लसभेगास, इटालीको मिलान र सिंगापुरमा महाधिवेशन हुँदैछ।

हार्दिक शुभकामना

लायन्स क्लव अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ बी १ नेपालको पोखरामा आयोजित चौथो महाधिवेशनको भव्य सफलताको कामना गर्दै महाधिवेशनका सम्पूर्ण सहभागीहरुलाई हार्दिक स्वागत गर्दछौं ।

MJF लायन हरिहर सापकोठा
Joint Cabinet treasurer
लायन्स डिष्ट्रिक्ट ३२५ बी १ नेपाल
ए.एस. रियल स्टेट एण्ड हाउजिङ कम्पनी
न्यूरोड, पोखरा

हार्दिक शुभकामना

लायन्स क्लव अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ बी १ नेपालको पोखरामा आयोजित चौथो महाधिवेशनको भव्य सफलताको कामना गर्दै महाधिवेशनका सम्पूर्ण सहभागीहरुलाई हार्दिक स्वागत गर्दछौं ।

MJF लायन शान्तकुमार श्रेष्ठ
Chair Person-MJF/NLF Day Celebration Commitee
लायन्स डिष्ट्रिक्ट ३२५ बी १ नेपाल

हार्दिक शुभकामना

लायन्स क्लव अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ बी १ नेपालको पोखरामा आयोजित चौथो महाधिवेशनको भव्य सफलताको कामना गर्दै महाधिवेशनका सम्पूर्ण सहभागीहरुलाई हार्दिक स्वागत गर्दछौं ।

MJF लायन तीर्थबहादुर बस्नेत
चियरमेन-ट्रि प्लान्टेशन कमिटी
लायन्स डिष्ट्रिक्ट ३२५ बी १ नेपाल

हार्दिक शुभकामना

नयाँवर्ष २०७३ को पावन अवसरमा हार्दिक मंगलमय शुभकामना !

लायन्स क्लव अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ बी १ नेपालको पोखरामा आयोजित चौथो महाधिवेशनको भव्य सफलताको कामना गर्दै महाधिवेशनका सम्पूर्ण सहभागीहरुलाई हार्दिक स्वागत गर्दछौं ।

4th Annual District Convention

प्रो. प्रेम जि.सी. जि.सी. इलेक्ट्रिकल्स पृथ्वीचोक, पोखरा फोन : ०६१-५२०५६५, ६४०३६५	प्राचार्य एवं डिजनील्याण्ड एकेडेमी परिवार मासबार, पोखरा	जितबहादुर गुरुङ अध्यक्ष एवं नेपाल यातायात मजदूर संघ कास्की पृथ्वीचोक, पोखरा
कुलदेवी बराल अध्यक्ष नेपाल ट्रेड युनियन कांग्रेस, कास्की	गुरुङ स्टोन सप्लायर्स बुद्धचोक, पोखरा-१० मोबाइल : ९८५६०२३२७५	सगरमाथा इन्स्योरेन्स कं. लि. पोखरा शाखा : न्यूरोड फोन : ०६१-५३५०५७, ५२८०५७
पोमनारायण श्रेष्ठ अध्यक्ष एवं नाट्य पश्चिमाञ्चल क्षेत्रीय समिति	विश्वराज बाँस्तोला अध्यक्ष एवं सयपत्री बचत तथा ऋण सहकारी संस्था लि. परिवार, पोखरा	ला. डा. नारायण गौतम चियरपर्सन-हर्ट केयर सेन्टर स्टाब्लिस्मेन्ट पद्म नर्सिङ होम, पोखरा

अन्तर्राष्ट्रिय लायन्सकै नेतृत्व गर्न सक्षम छौं–पौडेल

लायन्स क्लव इन्टरनेशनल ३२५ बी १ नेपालको चौथो महाधिवेशन आज बैशाख ४ गते पोखरामा हुँदैछ। महाधिवेशनको सबै तयारी पूरा भएको छ । महाधिवेशनबाट आगामी कार्यकाल २०१६/०१७ का लागि नयाँ नेतृत्व समेत चयन गरिने भएकाले यसलाई महत्वका साथ हेरिएको छ। महाधिवेशन तयारीका लागि गठित मूल आयोजक समितिको संयोजक रहेका दिनबन्धु पौडेल केही साताहेखि लायन्सको महाधिवेशनका लागि कार्यक्रम स्थल र सचिवालय अनि विभिन्न क्लवका सदस्यहरुसंग निकै व्यस्त देखिएका छन् । लायन्स क्लब अफ पोखरा गोल्डेन चौतारीका संस्थापक अध्यक्ष समेत रहेका पौडल ८ बर्षदेखि लायन्स गतिविधिमा सक्रिय छन्। मन, वचन र कर्मले मानवीय सेवामा क्रियाशील रहेको बताउने उनी डिष्ट्रिक्टको बिभिन्न पदमा रहेर महत्पूर्ण भूमिका निर्वाह गर्दै आएका छन्। उनी हाल डिष्ट्रिक्ट एड्भाईजर समेत हुन्। महाधिवेशन तयारीका सन्दर्भमा संयोजक पौडेलसंग गोल्डेन न्यूज दैनिकका लागि महाधिवेशन प्रचार–प्रसार तथां संचार समन्वय उप–समितिका संयोजक एवं लायन्स क्लव अफ पिससिटीका अध्यक्ष समेत रहेका टंकराज अधिकारीले गरेको कुराकानी यहाँ प्रस्तुत छ :

दिनबन्धु पौडेल
संयोजक–मूल आयोजक समिति

लायन्स महाधिवेशनको तयारी कसरी पूरा गर्नुभयो ?

लायन्स क्लब ईन्टरनेशनल डिष्ट्रिक्ट ३२५ बी १ नेपालको आज वैशाख ४ गते पोखरास्थित सभागृह हलमा हुन गइरहेको चौथो राष्ट्रिय महाधिवेशन बारे जानकारी गराँउन पाउँदा म र मेरो क्लब लायन्स क्लब अफ पोखरा गोल्डेन चौतारीले गौरवको महसूस गरेका छौं । महाधिवेशन सम्पन्न गर्न मूल आयोजक समिति र विभिन्न उप-समितिहरु निमार्ण भई आ-आफ्ना जिम्मेवारीका कार्यहरु अगाडि बढिरहेको छ । को-को कुन पदमा छौं भन्ने कुराको चासो नराखी सम्पूर्ण पोखरास्थित लायन्स तथा लियोहरु यस शुभकार्यमा जुटेको देख्दा लायन्स महधिवेशन ऐतिहासिक रुपमा सभ्य र भव्य रुपमा सफल हुन्छ भन्ने महसूस गरेको छु । पोखरा स्थित ७३ वटा लायन्स क्लब र लियो क्लबका अध्यक्षहरु संयोजक र उप-संयोजक रहेको बिभिन्न ४६ वटा उप-समिति बनाई जिम्मेवारी बाँडफाड गरेपछि काम गर्न सहज भएको हो । यसका साथै कार्यक्रम स्थल पोखरा सभागृहको हललाई समेत मर्मत सम्भार गरेका छौं ।

महाधिवेशन हुने स्थल पोखरा सभागृह सानो छ। कसरी मिलाउनु भयो ?

महाधिबेशनको कार्यक्रम पोखराको सभागृहमा हुने भएकोले सभागृहलाई ब्यवस्थित गर्ने काम सम्पन्न भएको छ । सभागृहको क्षमता १ हजार ३ सय जनाको भएपनि सभागृहमा सहभागी नअटाउने भएपछि सभागृह बाहिर अस्थाई डोम निमार्ण गरि भित्र भएका गतिबिधि लिड स्क्रिनमार्फत बाहिर देखाउने ब्यवस्था मिलाईएको छ । यसले गर्दा सहभागीलाई कुनै किसिमको असुविधा महसूस हुने छैन । यस्तै पोखराका स्थानीय लायन्स प्रतिनिधिका लागि हल बाहिरैबाट महाधिवेशन हेर्ने व्यवस्था मिलाइएको छ भने पाहुनाहरुलाई मात्र हलभित्र बस्ने व्यवस्था मिलाइएको छ ।

महाधिवेशनमा लायन्स र लियोका कति प्रतिनिधि सहभागी हुनेछन् ? यसको ब्यवस्थापन कसरी गर्नु भएको छ त ?

महाधिवेशनमा डिष्ट्रिक्ट बी १ नेपाल अन्तर्गतका रहेका करिब २ सय १० लायन्स क्लबका ३ हजार ५ सय प्रतिनिधि सहभागी हुने अनुमान गरिएको छ । महाधिवेशन सम्पन्न गर्नका लागि करिब ७० लाख खर्च लाग्ने र आम्दानीतर्फ रजिष्ट्रेशन, शुभकामना ब्यानर, स्मारिका विज्ञापन लगायत विभिन्न क्षेत्रसँग सम्बन्धित ब्यक्तित्वहरुका साथै सम्पूर्ण लायन्स साथीहरुको सहयोगबाट खर्चको ब्यवस्थापन मिलाइएको छ ।

पोखरामा नै लायन्स महाधिवेशन गर्नुको उद्देश्य के–के हुन् र यसका आर्कषाण के हुन सक्छन ?

महाधिवेशनको मुख्य उद्देश्य लायन्स अन्तर्राष्ट्रियको बिधि विधानमा रहि आफ्नो नीति नियम बनाउने, संशोधन गर्ने, डिष्ट्रिक्टको नयाँ नेतृत्वको लागि नयाँ पदाधिकारी चयन गर्ने नै हो । पोखरामा महाधिबेशन गर्नुको उद्देश्य पर्यटकीय नगरीमा आन्तरिक पर्यटनलाई थप प्रवर्द्धन गर्नुका साथै यहाँ रहेका प्राकृतिक, धार्मिक, सांस्कृतिक सम्पदाको परिचय दिनु हो । यसलाई हामीले पोखराको पर्यटन प्रवर्द्धन गर्ने माध्यमको रुपमा हामीले लिएका छौं । भूकम्प, नाकावन्दी जस्ता विषम परिस्थतिले तहस-नहस बनेको पोखराको पर्यटन व्यवसायलाई थोरै भएपनि राहत पुगोस भन्ने उद्देश्यले हामीले पोखरालाई नै रोजेका हौं । जसका लागि महाधिवेशनको नारा नै जाउँ है पोखरा लायन्स महाधिवेशनमा भन्ने तय गरेका छौं ।

महाधिवेशनका आर्कषण पक्ष भनेका यस महाधिवेसनमा डिष्ट्रिक्टको नेतृत्वमा रहेका करिब ३ हजार ५ सयको संख्यामा रहेका लायन्स सदस्यहरु सहभागी हुँदैछन । शुक्रबार सम्ममा करिब ३ हजार २ सय लायन्स प्रतिनिधिले रजिष्ट्रेशन गरिसकेको र शनिबार बिहान सबै सहभागीहरु ३ हजार ५ सय प्रतिनिधि महाधिवेशनमा सहभागी हुनेछन् । प्रतिनिधिहरुका लागि शनिबार बिहान ब्रेकफाष्ट, लञ्च र डिनरको व्यवस्था आयोजकको तर्फबाट कार्यक्रम स्थल सभागृहमै गरिएको छ । तर आवास लगायत अन्य खर्च भने प्रतिनिधि स्वयंले गर्नेछन ।

महाधिवेशनमा आउने लायन्स प्रतिनिधिहरु विभिन्न पेशा व्यवसायमा लागेका समाजका उत्कृष्ट व्यक्तिहरु हुन् । उहाँहरु यहाँ आउनु नै पोखराको समग्र पर्यटन प्रवर्द्धनका लागि महत्वपूर्ण पक्ष हो । पोखरा आँफैमा सुन्दरी नगरी भएकाले यहाँ आउने पर्यटकहरु जो कोही पनि लोभिने गर्दछन् । सुन्दर पोखरामा मेचीदेखि महाकालीसम्मका लायन्सहरुलाई पोखरामा भित्र्याउनु नै यसको आकर्षण पक्ष हो । अर्को कुरा यस महाधिवेशनले समग्र पोखरेलीलाई पोखरामा अत्याधुनिक सुविधा सम्पन्न धरै भन्दा धेरै मानिस अटाउन सक्ने सभा हल आवश्यकता छ भन्ने कुराको महसूस गराउनु पनि हो ।

महाधिवेशनमा अन्य लायन्स क्लब र ब्यक्तिहरुको कस्तो सहयोग पाउनु भएको छ ?

लायन्स क्लब अफ पोखरा गोल्डेन चौतारी र सेती गण्डकी त आयोजक मात्र हो । लायनवादलाई माया गर्ने डिष्ट्रिक्ट ३२५ बी १ नेपाल अन्तर्गतका सम्पूर्ण लायन्स क्लब बिशेष गरी पोखरास्थित लायन्स क्लबहरु र पोखरेली लायन्सहरु यस महाधिवेशनलाई ऐतिहासिक, सभ्य र भव्य रुपमा सफल पार्न आ-आफ्ना तह र तप्काबाट लागिपरेका छन् । महाधिवेशन लायन्सहरुको भएपनि यसलाई सम्पन्न गर्न आम पोखरेलीले समेत आ-आफ्नो क्षेत्रबाट सहयोग गरेका कारण हामीले राम्रो सहयोग पाएका छौं ।

भावी नेतृत्वका लागि यस क्षेत्रबाट एक पछि अर्का उम्मेदवारी परेको छ, यसले पोखरा पनि नेतृत्वका लागि अगाडि देखिएको सन्देश हो ?

अवश्य पनि हो । पोखरा लायनवादको उर्भरभूमि हो भन्दा पनि हुन्छ । काठमाडौं पछिको लायनवादको उद्गम थलो पोखरा हो भन्न हिच्चकिचाउनु पर्दैन । पोखरामा २२ बर्षका देखि ७५ बर्ष उमेर समूहका झण्डै २ हजार ५ सयको हाराहारीमा लायन सदस्य सक्रियरुपमा क्रियाशिल हुनुहुन्छ । पोखरामा पूर्व मल्टिपल काउन्सिल चेयरपर्सनद्वय दिपक श्रेष्ठ, प्रेम बहादुर श्रेष्ठ, पूर्व गर्भनर योगेन्द्र प्रधानदेखि लिएर वर्तमान गर्भनर ध्रुव बहादुर थापा, बर्ष २०१७/१८ मा डिष्ट्रिक्टको नेतृत्वमा पुग्नुहुने हालका द्वित्तीय भाईस गर्भनर धनराज आचार्य पोखराकै हुनुहुन्छ । यसले के देखाउछ भने अवसर पाएमा पोखरामा क्रियाशील लायन्स सदस्यहरु राष्ट्रिय स्तरकोमात्र नभइ अन्तर्राष्ट्रिय स्तरको नेतृत्व लिन समेत सक्षम छन् ।

अन्त्यमा भन्नुपर्ने केहि छ कि ?

हाम्रो निमन्त्रणालाई स्वीकार गरी पोखरामा आउनुभएका सम्पूर्ण लायन्स तथा लियो साथीहरुलाई पोखरामा न्यानो स्वागत गर्दछौं । पोखरेली र पोखरालाई माया गर्नेहरु जसले महाधिवेशन सभ्य र भब्य बनाउन आ-आफ्नो तर्फबाट हामी जुन सहयोग गरिरहनु भएको छ सबैप्रति हार्दिक आभार ब्यक्त गर्दछु । अन्तमा हामी दुई क्लब लायन्स क्लब अफ पोखरा गोल्डेन चौतारी र सेती गण्डकीलाई विश्वास गरी महाधिवेशन गर्ने जिम्मेवारी दिनुहुने डिष्ट्रिक्ट गर्भनर ध्रुवबहादुर थापा र उहाँको क्याविनेट टीम एवं महाधिवेशनलाई सफल पार्न सहयोग गर्नुहुने गण्डकी, धवलागिरी र बाग्मती क्षेत्रका सम्पूर्ण लायन्स, लियो एवं सम्पूर्ण पोखरेलीहरुको साथ र सहयोगको अपेक्षा गर्दै मेरा कुरा राख्नका लागि जुन अवसर दिनभयो यसका लागि तपाइँ र गोल्डेन न्यूज दैनिकलाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

हार्दिक शुभकामना

नयाँवर्ष २०७३ को पावन अवसरमा हार्दिक मंगलमय शुभकामना !

लायन्स क्लव अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ बी १ नेपालको
पोखरामा आयोजित चौथो महाधिवेशनको भव्य सफलताको
कामना गर्दै महाधिवेशनका सम्पूर्ण सहभागीहरूलाई
हार्दिक स्वागत गर्दछौं ।

ला.आभा जोशी श्रेष्ठ — अध्यक्ष (०१५/०१६)
ला.शक्ति प्रधानाङ्ग — अध्यक्ष (०१६/०१७)
लायन्स क्लव अफ पोखरा समर्पण परिवार

ला.सीता पाण्डे — अध्यक्ष (०१५/०१६)
ला. शारदा शर्मा — अध्यक्ष (०१६/०१७)
लायन्स क्लव अफ पोखरा गण्डकी परिवार

ला.नविन भण्डारी — अध्यक्ष (०१५/०१६)
ला.मिलन के.सी. — अध्यक्ष (०१६/०१७)
लायन्स क्लव अफ पोखरा आदर्श परिवार

ला.चिन्तामणि बाँस्तोला — अध्यक्ष (०१५/०१६)
ला.मदन कुमार मुल्मी — अध्यक्ष (०१६/०१७)
लायन्स क्लव अफ पोखरा आँगन परिवार

ला.कृष्ण प्र. श्रेष्ठ — अध्यक्ष (०१५/०१६)
ला.रविन्सन प्रजू — अध्यक्ष (०१६/०१७)
लायन्स क्लव अफ पोखरा अन्नपूर्ण परिवार

ला.लक्ष्मी क्षेत्री पाण्डे
अध्यक्ष एवं
लायन्स क्लव अफ पोखरा अर्पण परिवार

ला.चिनुकुमारी गुरुङ
अध्यक्ष एवं
लायन्स क्लव अफ पोखरा ब्युटिफुल सिटी परिवार

ला.खुब ब.बराल — अध्यक्ष (०१५/०१६)
ला.राजु क्षेत्री — अध्यक्ष (०१६/०१७)
लायन्स क्लव अफ पोखरा भद्रकाली परिवार

ला.दानबहादुर बानियाँ
अध्यक्ष एवं
लायन्स क्लव अफ पोखरा केभ सिटी परिवार

लायनवाद–मेरो अनुभव

मित्र रामचन्द्र भट्ट सधैं भन्ने गर्नुहुन्छ-"लिंदा भन्दा मुठ्ठी खोलेर दिंदा आत्मसन्तुष्टि मिल्दोरहेछ।" जुन सन्तुष्टि मैले लायन वादमा पाउन सके। हुनत भर्खर एक वर्ष पुग्दैछ म लायन वादमा प्रवेश गरेको। यो एक वर्ष मेरा लागि सोचेको भन्दा फरक अनुभूति तथा असीमित आत्मसन्तुष्टि बीच बिताउने मौका मिल्यो। सन् १९१७ जुन ७ मा अमेरिकी नागरिक मेल्भिन्स जोन्सले स्थापना गरेको लायन्स क्लव इन्टरनेशनल १०० वर्षको दौरानमा छ। २१० भन्दा बढी राष्ट्रमा संजाल फैलिएको र १४ लाख भन्दा बढी सक्रिय सदस्य रहेका छन्. लायन्सका।

लायन्स विशाल मानवीय चेतना, सकारात्मक सोंच तथा फरक दृष्टिकोण भएका "हामी सेवा गर्छौं" भन्ने मूल नारलाई हृदयंगम गरी समाजमा रहेका दिन दुखी एवं आफूभन्दा कम भाग्यशालीहरुलाई सेवा गर्न तथा आफ्नो आम्दानीको केही अंश सामाजिक सेवामा लगाउनु निरन्तर अविचलित, निरन्तर क्रियाशिल सामाजिक संस्था हो।

समाजमा रहेका मनकारी तथा उत्कृष्ट व्यक्तिहरुको समूहबाट लायन्सवादको संगठन विस्तार हुने भएकोले आफ्नो व्यापार-व्यवसाय जागिर लगायतका कर्तव्य पालना गर्दै गर्दा बचेको समय र बचेको केही रकम समाजको बृहत्तर हितको लागि परोपरकारी कार्य गर्न तथा आत्मसन्तुष्टिको (जसलाई करौडौं रकमले पनि खरिद गर्न सकिंदैन) अनुभूति गर्नु नै लायनवादको मूल मर्म र आदर्श हो।

वि.सं. २०७२ जेठको शुरुवात सँगै जुन सोंच राखेर पोखरास्थित पोखरा ग्राण्डमा मेरा मित्र क्लवका प्रथम उपाध्यक्ष मोहनकुमार विष्ट (आरजु) कोषाध्यक्ष गोकुल रिमालसँग पहिलो औपचारिक कार्यक्रम (PST) टेनिङ्गमा गएको थिए। मैले अहिले भन्नै पर्नेहुन्छ कि यो दिनपछिको मेरो लायनवाद प्रतिको दृष्टिकोण अझ सकारात्मक अनि खारिएर आएको महसूस भएको छ। जुन कुराले मेरो छाती ढक्क फुलेर आउँदा आफैले-आफैलाई सोध्ने गर्छु कि म सन्तुष्टि छु की छैन भनेर। उत्तर दिने गर्छु आफैलाई-"सन्तुष्टि त एक मापन रहेछ। त्यो सन्तुष्टिलाई कसले कसले कसरी, कुन आकारमा ग्रहण गर्न सक्छन् भन्ने मात्र रहेछ।" हो म शत्प्रतिशत सन्तुष्ट भइन होला किनकी म भगवान पनि त होइन। मैले जति सन्तुष्टि पाए त्यसलाई नै शत्प्रतिशत सफलता र आत्मा सम्मानको कडिका रुपमा लिएको छु।

हुनत मेरो लायनवादसंगको सामिप्यता १६/१७ वर्ष अगाडि देखिकै रहेता पनि लायनवादका विषयमा वि.सं. २०६२ मा स्थापना भएको लायन्स क्लव अफ पिस चौतारीका संस्थापक सचिव हाल रिजन ७ का रिचन चेयर पर्सन लायन दुर्गाप्रसाद हुमागाइँ तथा लायन्स क्लव अफ पोखरा गोल्डेन चौतारीका संस्थापक अध्यक्ष तथा यस चौथो महाधिवेशनका कन्भेनर लायन दिनवन्धु पौडेल दाईले धेरै पटक आग्रह गर्नुभएको थियो, तर मेरो आफ्नै विविध कार्य व्यस्तताले उक्त समयमा यस माववीय पवित्र संजालमा समाहित हुन नसके पनि उहाँहरुको सहयोग तथा सद्भाववाट अझ बुझ्ने र मेरो सामाजिक भावनालाई अझ परिस्कृत बनाउदै उहाँहरुको समाजसेवा प्रतिको पदचाप अँगाल्दै वि.सं.२०७२ मा आएर मात्र लायन्स क्लव अफ पोखरा स्टकको संस्थापक अध्यक्षको रुपमा कार्य गरिरहेको छु। २०७२ बैशाख १२ र २९ गते गएको महाभूकम्पले गरेको महाविनास संगै जन्मिएको यस क्लवले विविध असहज परिस्थितिका वावजूद नयाँ क्लव, नयाँ अनुभव तथा आफै सिक्दै र सिकाउँदै विभिन्न सामाजिक कार्यहरुमा नेतृत्वदायी भूमिका खेलेको महसूस गरेको छु। यस कार्यमा म लगायत क्लवका सम्पूर्ण जिम्मेवार सदस्य साथीहरुको महत्वपूर्ण योगदान रहेको छ। समस्यासंगै समाधान पनि आउँदोरहेछ भने जस्तै नि:शुल्क स्वास्थ्य शिविरहरु, रक्तदान कार्यक्रमहरु, भूकम्पपीडितहरुलाई न्यानो कपडा वितरण खेलकुद सामाग्री वितरण, भूकम्पपीडित घरको पुन:निर्माणका लागि च्यारिटी कार्यक्रम लगायतका आय कार्यक्रमहरु तथा डिष्ट्रिक्ट गभर्नर ध्रुवबहादुर थापाज्यूले वर्षभरि राख्नुभएका कार्य योजनाहरुसंग मिल्दा जुल्दा कार्यक्रमहरु सम्पन्न हुनेक्रम जारी रहेका छन्।

"फूलको आँखाममा फुलै संसार...काँडाको..." पक्कै पनि लायनवादमा लागेका सवै लायन मित्रहरु आफूले सोचेका जस्ता तथा आफू जस्तै मनकारी एवम् सकारात्मक सोचका नहुन पनि सक्छन्, चैत बैशाखको हुरीमा बाँसको टुप्पोमा बसेको फिस्टे चरो, हुरीले बाँसको टुप्पोले भुई छुँदा मैले भुई छोए भने जस्तै गरेर गर्व गर्नेहरु पनि हुनसक्छन् त्यस्ता मित्रहरुको दृष्टिकोणमा परिवर्तन ल्याउन अग्रजहरुले भूमिका खेल्नुपर्छ भन्ने लाग्दछ।

अन्त्यमा मलाई लायनवादको विशाल महासागरमा पौडी खेल्न सिकाउने अग्रजहरु डिष्ट्रिक्ट गभर्नर पिएमजेएफ ध्रुवबहादुर थापा, एमजेएफ लायन बालकृष्ण बुर्लाकोटी, लायन धनराज आचार्य, एमजेएफ लायन अशोक श्रेष्ठ, एमजेएफ लायन मन रोक्का, लायन दुर्गाप्रसाद हुमागाई, लायन इन्जिनियर रामचन्द्र पोखरेल, एमजेएफ लायन तोरण बहादुर कुवर, लायन अर्जुन थापा, लायन कालिदास पौडेल लगायत सम्पूर्ण अग्रज तथा मेरो क्लवका सम्पूर्ण सदस्य ज्यूहरुलाई नयाँवर्षको शुभकामनासँगै लायन्स क्लव इन्टरनेशनल ३२५ बी १ नेपाल को सु-सम्पन्न हुन गइरहेको ऐतिहासिक चौथो महाधिवेशन सभ्य तथा भव्य रुपमा सफल होस् भन्ने शुभकामना व्यक्त गर्दछु। साथै महाधिवेशनमा पाल्नुहुने सम्पूर्ण लायनहरुललाई पोखरामा हार्दिक स्वागत गर्दै तथा वर्ष ०१६/०१७ का डिष्ट्रिक्ट गर्भनर एमजेएफ लायन बालकृष्ण बुर्लाकोटीको क्याविनेटलाई सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु।

धन्यवाद !

जय लायनवाद ! जय लियोवाद !!

ला. नारायण हरि भण्डारी
संस्थापक अध्यक्ष
लायन्स क्लव अफ पोखरा स्टक

लायन्स क्लव अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ बी १ नेपालको पोखरामा आयोजित चौथो महाधिवेशनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु ।

समाजमा असल गुणहरुको दान गरौं।
शान्ति र परोपकारको सागर बनौं ॥
श्रेष्ठ र पुण्य कर्म गरौं,
सेवाको स्नान गरि महावीर बनौं
अन्तरमनमा सेवाको ज्योती जगाऔं
फलस्वरुप आत्मामा ज्ञानको तिर लाग्नेछ र हामीमा सेवा भावको गंगा बग्नेछ।

लायन खुब बहादुर बराल
अध्यक्ष (२०१५/०१६)
लायन्स क्लव अफ पोखरा भद्रकाली

नववर्ष २०७३ सालको हार्दिक मंगलमय शुभकामना

लायन्स क्लव अफ पोखरा रोती गण्डकी
र
लायन्स क्लब अफ पोखरा गोल्डेन चौतारी
को संयुक्त आयोजना तथा पोखरा स्थित लायन्स तथा लियो क्लबहरुको सहयोगमा सम्पन्न हुन गइरहेको लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक ३२५ बि १ नेपालको चौथो महाधिवेशन को सफलताको कामना गर्दछौं ।

"Access to All"
गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "ख" वर्गको संस्था)
Head Office: Pokhara-9, Kaski
Phone: 061-533694/95, 531775/76, Fax: 061-533696

हार्दिक शुभकामना

नयाँवर्ष २०७३ को हार्दिक मंगलमय शुभकामना !

लायन्स क्लव अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ बी १ नेपालको पोखरामा आयोजित चौथो महाधिवेशनको पूर्ण सफलताको कामना गर्दै महाधिवेशनका सम्पूर्ण सहभागीहरुलाई पोखरामा हार्दिक स्वागत गर्दछौं ।

MJF लायन धनराज आचार्य
सेकेण्ड भाइस डिष्ट्रिक्ट गभर्नर
लायन्स डिष्ट्रिक्ट ३२५ बी १ नेपाल

हार्दिक शुभकामना

नयाँवर्ष २०७३ को हार्दिक मंगलमय शुभकामना !

लायन्स क्लव अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ बी १ नेपालको पोखरामा आयोजित चौथो महाधिवेशनको पूर्ण सफलताको कामना गर्दै महाधिवेशनका सम्पूर्ण सहभागीहरुलाई पोखरामा हार्दिक स्वागत गर्दछौं ।

MJF लायन दीपक श्रेष्ठ
पी.एम.सी.सी./पि.डि.जी.
लायन्स डिष्ट्रिक्ट ३२५ बी १ नेपाल

हार्दिक शुभकामना

नयाँवर्ष २०७३ को हार्दिक मंगलमय शुभकामना !

लायन्स क्लव अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ बी १ नेपालको पोखरामा आयोजित चौथो महाधिवेशनको पूर्ण सफलताको कामना गर्दै महाधिवेशनका सम्पूर्ण सहभागीहरुलाई पोखरामा हार्दिक स्वागत गर्दछौं ।

MJF लायन विश्वेश्वर आचार्य
डिष्ट्रिक्ट क्याविनेट सेक्रेटरी
लायन्स डिष्ट्रिक्ट ३२५ बी १ नेपाल

हार्दिक शुभकामना

नयाँवर्ष २०७३ को हार्दिक मंगलमय शुभकामना !

लायन्स क्लव अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ बी १ नेपालको पोखरामा आयोजित चौथो महाधिवेशनको पूर्ण सफलताको कामना गर्दै महाधिवेशनका सम्पूर्ण सहभागीहरुलाई पोखरामा हार्दिक स्वागत गर्दछौं ।

MJF लायन प्रतापपति बाँस्तोला
डिष्ट्रिक्ट क्याविनेट ट्रेजरर
लायन्स डिष्ट्रिक्ट ३२५ बी १ नेपाल

हार्दिक शुभकामना

नयाँवर्ष २०७३ को हार्दिक मंगलमय शुभकामना !

लायन्स क्लव अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ बी १ नेपालको पोखरामा आयोजित चौथो महाधिवेशनको पूर्ण सफलताको कामना गर्दै महाधिवेशनका सम्पूर्ण सहभागीहरुलाई पोखरामा हार्दिक स्वागत गर्दछौं ।

लायन सुचित्रा थापा
सह-संयोजक-महाधिवेशन मूल आयोजक समिति
लायन्स डिष्ट्रिक्ट ३२५ बी १ नेपाल

लायन्सले दीगो हुने काम गर्न सक्नुपर्छ

लायन्सको राष्ट्रिय महाधिवेशन पोखरामा हुनु अति प्रशंसनीय र स्वागतयोग्य कुरा हो । लायन्सको महाधिवेशन भन्ने वित्तिकै ठूलो र भव्य हुन्छ भन्ने सबैको बुझाइ छ । देशभरिका लायन्सहरु पोखरा केन्द्रित हुने अवसर पनि हो महाधिवेशन । यसले पोखराको होटल व्यवसायका साथै अन्य व्यापार व्यवसाय प्रवर्द्धनमा पनि महत्वपूर्ण टेवा पुग्नेछ । साथै यसले पोखराको पर्यटन प्रवर्द्धनका साथै अर्थतन्त्र समेत चलायमान बनाउनेछ । पोखरालाई थप परिचित गराउन र सकारात्मक सन्देश दिन र पोखराप्रति सबैको आकर्षण बढाउन लायन्स महाधिवेशनले महत्वपूर्ण भूमिका खेल्नेमा दुई मत छैन ।

लायन्सको सञ्जाल धेरै ठूलो र विश्वभर यसका संगठन छन् । नेपालकै कुरा गर्दा पनि यसमा धेरै नेपालीहरु संलग्न छन् । पोखराको मात्रै कुरा गर्ने हो भने लायन्स क्लवहरु करिब ७ दर्जनको हाराहारीमा छन् । ती क्लवमा चर्चित, प्रतिष्ठितका साथै वरिष्ठ उद्योपतिहरु समेत संलग्न छन् । यसमा सबै प्रकारका वाद विचार अट्न सक्छन् । सबै प्रकारका वाद, विचारलाई त्यागेर लायन्स अघि बढेको छ र निःस्वार्थ संस्था पनि हो । सामाजिक एवं मानवीय सेवामा लायन्सले धेरै राम्रा काम गरेका छन् र अबका दिनमा पनि गर्नेछन् । लायन्सलाई राम्रोसंग बुझ्ने हो भने यो जत्तिको समाजिक संस्था अन्य हुन नसक्ला तर यसो भनिरहँदा यसले गर्ने कामहरु सबै एउटै प्रकृतिका छन् । सबै क्लवले एउटै प्रकारका काम गरिरहेका छन् । लायन्सको गतिविधि र काममा नजिक बसेर नियालिरहँदा, विभिन्न कार्यक्रममा सरिक भइरहँदा बढी प्रचारात्मक भएको महसूस हुन्छ । एउटा सानो कुनै काम गरिहाले काम भन्दा ठूलो प्रचार हुन्छ, त्यो कामबाट कसले कति फाइदा लियो भन्नेतर्फ ध्यान दिएको पाइँदैन । लायन्सले यसअघि जे गऱ्यो, गऱ्यो ।

अबका दिनमा दीर्घकालिन सोंचका साथ अघि बढ्न जरुरी छ, बढी प्रचारात्मक भन्दा बढी दीर्घकालिन हितमा हुने किसिमका काम गर्न आवश्यक छ । संख्यात्मक भन्दा बढी गुणात्मक काम गर्न लायन्स लाग्न सके राम्रो हुन्छ । लायन्स पुरानै ढङ्गले अघि बढिरहने र प्रचार-प्रसार मात्र खोजिरहने हो भने त्यो काम अब आवश्यक छैन ।

लायन्सले गरेका केही काम प्रशंसा गर्न योग्य छन् । पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा हर्टकेयर सेन्टर स्थापनाका लागि प्रक्रिया अघि बढाएको धेरै समय भैसकेको छ । हर्टकेयर सेन्टर स्थापना हुन राम्रो हो तर त्यो काम पनि प्रचारमुखीमात्र हुने हो भने प्रश्न उठाउने ठाउँ आउन सक्छ । त्यसमा नेतृत्वले ध्यान दिन जरुरी छ ।

लायन्सको पोखरामा हुने महाधिवेशनले दीर्घकालिन सोंच र आधिकारिक धारणा ल्याउन जरुरी छ । यसले अब के काम गर्दै छ भन्ने जानकारी आम नागरिकले थाहा पाउन आवश्यक छ । लायन्सले स्थानीय निकायलाई पनि सन्देश दिने खालका काममा जोड दिन सक्नुर्छ ।

धेरैपटक लायन्सको नेतृत्व पोखराले नै गरिरहँदा, ती नेतृत्वसंग बसेर गरेका कुराकानीमा साझा र ठोस धारणा ल्याउन आग्रह गरिरहँदा वेवास्ता गरिएको हो कि भन्ने महसूस पनि हुन्छ । लायन्सको ३ वर्ष अघिको महाधिवेशन पनि पोखरामा नै भएको थियो । त्यो महाधिवेशन र अहिलेको महाधिवेशनमा धेरै गुणा अन्तर छ भन्न सकिन्छ । तर अबपनि पुरानै ढङ्गले अघि बढ्न खोज्ने हो भने लायन्सको औचित्य पुष्टि हुन सक्दैन ।

झलकराम अधिकारी
कार्यकारी प्रमुख
पोउमनपा कार्यालय

समाजमा लायन्स माथि जुन आरोप लाग्ने गरेको छ त्यो आरोपलाई चिरेर अघि बढ्न सके पोखरा महाधिवेशन सार्थक हुनेछ । पोखरा महाधिवेशनले साझा र ठोस धारणा सहित घोषणापत्र सार्वजनिक गर्न सक्नुपर्छ । आफ्नो धारणा सहित 'सष्टनेवल' कामका लागि लायन्स अघि बढे स्थानीय निकाय लायन्सको प्रत्येक गतिविधिका सहकार्य गर्न तयार छ । लायन्समा अब नेतृत्व गर्नेहरुको ध्यान यस विषयमा जान जरुरी छ । लायन्सको पोखरा महाधिवेशन सफलतापूर्वक सम्पन्न होस्, भविष्यमा लायन्सले गर्ने गतिविधिका रेखाहरु कोरिन सकोस् शुभकामना ।

लायन्स अब आर्थिक संवृद्धितर्फ लाग्नुपर्छ

लायन्स जस्तो समाजिक संस्थाको कार्यकर्ता भएर काम गर्ने अवसर पाउनु गौरवको कुरा हो । त्यसैमाथि डिष्ट्रिक्टकै क्याविनेट सेक्रेटरी भएर काम गर्न पाउँदा म ज्यादै खुशी छु । साथै क्याविनेट सेक्रेटरी भएर काम गर्दाको क्षण मेरो मानसपटलमा सदैव ताजा र अविष्मरणीय रहनेछ । लायन्समा लागेर मैले धेरै कुरा सिक्ने मौका पाएँ भने क्याविनेट सेक्रेटरीको जिम्मेवारी पदले धेरै अनुभवी र जिम्मेवार बोध गरायो । अझैपनि विभिन्न जिम्मेवारीमा रहेर समाजिक एवं मानवीय सेवाका साथै मुलुकको आर्थिक संवृद्धितर्फ पनि योगदान दिने प्रतिवद्धता व्यक्त गर्दछु ।

लायन्स विश्वकै सबैभन्दा ठूलो सामाजिक संस्था हो । करिब १४ लाख मानिस लायन्समा आवद्ध छन् । लायन्सले गर्ने सामाजिक एवं मानवीय सेवाहरु ज्यादै उत्कृष्ट छन् । विशेषगरि नेपालका लागि लायन्स र लायन्स जस्तै अन्य धेरै समाजिक संस्था अपरिहार्य छ । लायन्सले गतवर्षको महाभूकम्पबाट प्रताडित नेपाली जनताका लागि ठूलो र महत्वपूर्ण सहयोग गरेको छ । यसलाई नेपाली जनताले राम्रैसंग मूल्याङ्कन गरेका छन् । अब नेपाल सरकारले मूल्याङ्कन गर्न जरुरी छ । लायन्स सरकारको भरपर्दो र शक्तिशाली निकाय सेना प्रहरी भन्दा पछिको सबैभन्दा सहयोगी एवं सामाजिक संस्था भएको भूकम्पपछिको सहयोगले पुष्टि गरेको छ । लायन्सले पनि सेवाका लागि तत्पर र तयार भएर बस्नुपर्ने रहेछ भन्ने पाठ गतवर्षको भूकम्पले नै सिकाएको छ ।

लायन्सले अघि सारेका कतिपय विकास निर्माणका योजना समेत सरकारकै कारण अलपत्र परिरहेका छन् । यसलाई तीव्र रुपमा अघि बढाउनुपर्ने आवश्यकता छ । लायन्सले नेपालको स्वास्थ्य, शिक्षा, विकास निर्माणका साथै सामाजिक एवं मानवीय सेवामा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यस कार्यलाई सदैव निरन्तरता दिंदै मुलुकको आर्थिक संवृद्धितर्फ पनि अब लायन्सको ध्यान जान जरुरी छ । यसमा अब लायन्सको नेतृत्व गर्नेले विशेष ध्यान पुऱ्याउन सक्नुपर्छ । लायन्स तथा मुलुक जल्दा-वल्दा युवाको हातमा आइसकेको यथार्थ हो । मुलुक र जनताको भविष्यप्रति युवा जिम्मेवार भएर लाग्न जरुरी छ ।

पोखराको आर्थिक संवृद्धि एवं पर्यटन प्रवर्द्धनमा विशेष टेवा पुगोस् भन्ने उद्देश्यले लायन्सको राष्ट्रिय महाधिवेशन पोखरामा आयोजना गरिएको छ । पोखरा महाधिवेशनमा करिब ३ हजार ५ सय लायन्स प्रतिनिधि र त्यत्तिकै संख्यामा अन्य

विश्वेश्वर आचार्य
क्याविनेट सेक्रेटरी
डिष्ट्रिक्ट ३२५ बी १ नेपाल

मानिस पोखरा आउने विश्वास छ । पूर्व मेचीदेखि पश्चिम महाकाली सम्मका लायन्स प्रतिनिधि पोखरा आउँदैछन् । यो महाधिवेशन पोखरामा अहिलेसम्मकै भव्य एवं ठूलो संख्यामा प्रतिनिधि सहभागी हुने कार्यक्रम हो ।

लायन्सको महाधिवेशन आफ्नै होम टाउन पोखरामा गर्न पाउँदा म ज्यादै खुशी छु र गौरवान्वित महसूस गरेको छु । महाधिवेशनको अवसरमा पोखरामा आउनुहुने सम्पूर्ण लायन्स तथा लियो मित्रहरुलाई म डिष्ट्रिक्ट सेक्रेटरी वा आयोजकको नाताले न्यानो स्वागत, हार्दिक बधाई एवं नयाँवर्ष २०७३ को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

हार्दिक शुभकामना

नयाँवर्ष २०७३ को पावन अवसरमा हार्दिक मंगलमय शुभकामना !

लायन्स क्लव अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ बी १ नेपालको पोखरामा आयोजित चौथो महाधिवेशनको भव्य सफलताको कामना गर्दै महाधिवेशनका सम्पूर्ण सहभागीहरुलाई हार्दिक स्वागत गर्दछौं ।

ला. दिपेन्द्रज्योति ढंगाना — अध्यक्ष (२०१५/०१६)
ला. केदारनाथ भट्टराई — अध्यक्ष (२०१६/०१७)
लायन्स क्लव अफ पोखरा सेन्ट्रल परिवार

ला. देव क्षेत्री — अध्यक्ष (२०१५/०१६)
ला. जगदिश गौतम — अध्यक्ष (२०१६/०१७)
लायन्स क्लव अफ पोखरा लेकसिटी परिवार

ला. मिलन थापा — अध्यक्ष (२०१५/०१६)
ला. सुनयना पालिखे — अध्यक्ष (२०१६/०१७)
लायन्स क्लव अफ पोखरा सेतीगण्डकी परिवार

ला. नारायणहरि भण्डारी — अध्यक्ष (२०१५/०१६)
ला. गोकुल रिमाल — अध्यक्ष (२०१६/०१७)
लायन्स क्लव अफ पोखरा स्टक सिटी परिवार

ला. कमला गिरी — अध्यक्ष (२०१५/०१६)
ला. राजेन्द्र पहारी — अध्यक्ष (२०१६/०१७)
लायन्स क्लव अफ पोखरा चौतारी विन्ध्यवासिनी परिवार

ला. विना गुरुङ — अध्यक्ष (२०१५/०१६)
ला. वसन्त गिरी — अध्यक्ष (२०१६/०१७)
लायन्स क्लव अफ पोखरा सृजना चौतारी परिवार

ला. कृष्ण आचार्य — अध्यक्ष (२०१५/०१६)
ला. नीरबहादुर थापा — अध्यक्ष (२०१६/०१७)
लायन्स क्लव अफ पोखरा फेवा लेकसिटी परिवार

ला. धनन्जय पौडेल — अध्यक्ष (२०१५/०१६)
ला. दीपेन्द्र शर्मा — अध्यक्ष (२०१६/०१७)
लायन्स क्लव अफ पोखरा पिस चौतारी परिवार

हार्दिक शुभकामना

नयाँवर्ष २०७३ को पावन अवसरमा हार्दिक मंगलमय शुभकामना !

लायन्स क्लव अन्तराष्ट्रिय डिष्ट्रिक्ट ३२५ बी १ नेपालको पोखरामा आयोजित चौथो महाधिवेशनको भव्य सफलताको कामना गर्दै महाधिवेशनका सम्पूर्ण सहभागीहरूलाई हार्दिक स्वागत गर्दछौं ।

लायन छविलाल शर्मा
रिजन चियर पर्सन (रिजन-४)
लायन्स डिष्ट्रिक्ट ३२५ बी १

लायन राजेन्द्र बहादुर सापकोटा
रिजन चियर पर्सन (रिजन-६)
लायन्स डिष्ट्रिक्ट ३२५ बी १

लायन तोरण बहादुर कुँवर
जोन चियर पर्सन (जोन-१३)
लायन्स डिष्ट्रिक्ट ३२५ बी १

लायन उत्तममान बुद्धाचार्य
चियर पर्सन- डिजाष्टर रिलिफ कमिटी
लायन्स डिष्ट्रिक्ट ३२५ बी १

लायन शिवप्रसाद बराल
जोइन्ट क्याविनेट सेक्रेटरी
लायन्स डिष्ट्रिक्ट ३२५ बी १

लायन प्रकाशचन्द्र पहारी
चियर पर्सन-माइक्रो फाइनान्स एण्ड सोसल बिजनेश
लायन्स डिष्ट्रिक्ट ३२५ बी १

लायन खेमनारायण काफ्ले
मेम्वर-पब्लिकेशन कमिटी
लायन्स डिष्ट्रिक्ट ३२५ बी १

लायन शिवकुमार श्रेष्ठ
संचालक
इशानेश्वर हार्डवेयर
रामबजार, पोखरा

रीवबहादुर थापा
संचालक
थापा प्रदर्श
नागाढुङ्गा, पोखरा

लायन नरहरि पौडेल
मेम्वर-मिडिया रिलेसन किमटी
लायन्स डिष्ट्रिक्ट ३२५ बी १

प्रो. उमेशकुमार झा
मिथिला ट्रेडर्स
काहुँखोला, पोखरा

प्रो. दीपक भट्टराई
भगवती राइस मिल
सिद्धार्थचोक, पोखरा

ला. तीर्थलाल श्रेष्ठ
सिद्धार्थ बस्त्रालय
महेन्द्रपुल, पोखरा

ला. प्रेमबहादुर श्रेष्ठ
विन्ध्येश्वरी स्टोर्स
महेन्द्रपुल, पोखरा

ला.राजेन्द्र लालचन
एल.सी. ट्रेडर्स
नयाँबजार, पोखरा

ला. पुजन शाक्य
शाक्य मेडिकल सन्सर्न
महेन्द्रपुल, पोखरा

प्रो. डिल्लीराम सुवेदी
त्रिशुङ्गा ट्रेडिङ कन्सर्न
नयाँबजार, पोखरा

ला.किशानमान बुद्धाचार्य
एशियन अटोमोवाइल्स
नयाँबजार, पोखरा

प्रो. तिलकराम पौडेल
विलियन ट्रेडर्स
सिमलचौर, पोखरा

ला. रुद्र घले
कमला आयल स्टोर्स
नागढुङ्गा, पोखरा

विष्णुबहादुर खत्री क्षेत्री
अध्यक्ष
नेपाल यातायात स्वतन्त्र मजदूर संगठन गण्डकी

अध्यक्ष एवं
खुद्रा बचत तथा ऋण सहकारी संस्था लि. परिवार, पोखरा

यामनाथ तिमिल्सिना
अध्यक्ष एवं
कपडा व्यवसायी एशोसिएशन परिवार,पोखरा

खेमबहादुर गुरुङ
अध्यक्ष एवं
नेपाल वन पैदावर संघ कास्की परिवार

प्रो. किशानमान बुद्धाचार्य
एशियन अटोमोवाइल्स
नयाँबजार, पोखरा

पुरणकुमार श्रेष्ठ
संचालक
मार्गदर्शन एकेडेमी
नयाँबजार, पोखरा

प्रो. देवेन्द्र कायस्थ
पञ्चरत्न आयल स्टोर्स
बसपार्क, पृथ्वीचोक, पोखरा-९
फोन : ०६१-५२०२०६, ९८५६०२२९२०

मैले बुझेको लायनवाद

टंकराज अधिकारी
संयोजक-प्रचारप्रसार समिति
चौथो महाधिवेशन

लायन्स क्लव इन्टरनेशनल डिष्ट्रिक ३२५ बि १ नेपालको चौथो राष्ट्रिय महाधिवेशनको लागि गठित मूल आयोजक समिति अन्तर्गत प्रचारप्रसार उपसमितिको संयोजकको भूमिका प्रदान गर्नु भएकोमा आयोजक लायन्स क्लव अफ पोखरा सेती गण्डकी र गोल्डेन चौतारी प्रति हार्दिक आभार एवं कृतज्ञता ज्ञापन गर्दछु । लायन्स सम्बन्धी जानकारी मेरो मानस पटलमा २०५४ देखि नै घुसेको हो । २०५४ साल बैशाख १४ गते पोखरा सभागृहमा लायन्स डिष्ट्रिक ३२५ नेपालको महाधिवेशन भैरहँदा म कार्यरत संस्था नेपाल समाचारपत्र तत्कालीन आजको समाचारपत्रले त्यसै दिन लायन्सका विविध गतिविधिहरु समेटी एकै दिन ७२ पृष्ठको पोखरा विशेषांक प्रकाशित गरेको थियो । त्यस बिशेषांकमा लायनवाद सम्बन्धी केहि बुझ्ने अवसर प्राप्त गरेको थिए ।

त्यही महाधिवेशनबाट पूर्व मल्टीपल काउन्सिल चेयर पर्सन लायन्सका भिष्मपितामहको रुपमा परिचित आदरणीय प्रेमबहादुर श्रेष्ठ दाई डिष्ट्रिक्ट गभर्नरमा चुनिनु भएको थियो । त्यसपछि सन् २००४/००५ मा लायन्सका अर्को धरोहर योगेन्द्रलाल प्रधान डिष्ट्रिक गर्भनर हुनु भए पछि लायन्सवाद सम्बन्धी विविध गतिविधि लगायतका सामाग्रीहरु वर्ष भरि नै प्रकाशन गर्ने सुअवसर मलाई प्राप्त भएको थियो । जब म सन् २०१२/१३ मा औपचारिक रुपमा लायनवादमा प्रवेश गरे त्यस समयमा पूर्व मल्टिपल काउन्सिल चेयरपर्सन दिपक श्रेष्ठ गर्भनर हुनुहुन्थ्यो । त्यसपछि लायनवादलाई अझ नजिकबाट बुझ्ने अवसर प्राप्त भयो । क्लव गठनको दोश्रो वर्षमा म क्लवको सचिवको भूमिका पाए र त्यसै वर्ष क्लवले गरेका कार्यहरुको कार्यसम्पादन राम्रोसँग गरेबापत डिष्ट्रिक्ट बेष्ट सेक्रेटरी अफ दि इयर हुन सफल भए ।

मैले बुझेको लायनवाद सेवा नै धर्म हो भन्ने मूल नाराबाट अभिप्रेरित भई स्वेछाले आफूभन्दा कम सुविधा प्राप्त व्यक्तिहरुलाई जहाँ जे आवश्यकता पर्छ त्यहाँ स्थानीय स्रोत र साधनको पहिचान गरि त्यसको परिचालनबाट टड्कारो आवश्यकता परिपूर्ति गर्नु हो ।

यसको अन्तिम लक्ष्य भनेको सेवाबाट आत्मसन्तुष्टि प्राप्त गर्नु नै हो । मैले सुनेको थिए, लायनवाद धनीमानीहरुको मात्र संस्था हो तर त्यस्तो नभई मैले बुझेको लायनवाद मन हुनेहरुको संस्था हो । आफ्नो स्वधर्म (उद्योग, व्यापार, घर गृहस्थी, जागिर लगायत) को कर्तव्य पालन गरि बचेको समय र आफ्नो स्वआर्जनबाट बचेको रकमको केही अंश समाजमा रहेका व्यक्तिहरुको मानवीय जीवन जिउनका लागि न्यूनतम आवश्यकताहरुबाट छट्पटीएका व्यक्तिहरुलाई सेवा भावमा सर्मपित भएर सेवा गर्नु हो ।

लायन्स क्लवहरु र यस सदस्य लायनहरुले नि:स्वार्थ उद्देश्य लिई एक्लैले केही गर्नु भन्दा समान सोच भएका व्यक्तिहरुको समूहबाट समाज सेवाका लागि प्रत्येक क्लवले कम्तीमा पनि एउटा स्थायी परियोजना संचालन गरि समाजमा भएका समस्याको समाधानमा जुट्न आवश्यक छ । यी योजनाबाट समाजमा रहेका दिनदुखी, गरिव, असहाय, टुहुरा, वृद्धवृद्धा, अनाथ र प्राकृतिक प्रकोपबाट ग्रसित नेपालीहरुको घाउमा मलपट्टी लगाउन सके मात्र समाजले हामी लायन्सहरुले गरेको सेवाभावको कदर गर्न पछि पर्ने छैनन् । अन्त्यमा, हाम्रा क्लवका सदस्य लायन ई. विक्की गुरुङ्गले क्लवका वर्ष १४/१५का लागि इलेक्ट सचिव लायन राजेन्द्र भण्डारीको सडक दुर्घटनामा परि मृत्यु भएपछि उहाँका जेष्ठ सुपुत्र आयम भण्डारीलाई विक्की गुरुङ्गको आफ्नो शैक्षिक संस्था लिटिल स्टेप उच्च मा.वि.मा उच्च शिक्षासम्मको अध्ययनका लागि नि:शुल्क आवासीय सुविधा प्रदान गर्नु भई सामाजिक सेवाको उदाहरण प्रस्तुत गर्नुभएकोमा हामी गौरवान्वित भएका छौं ।

विदेश जानेहरूका लागि सुवर्ण अवसर

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरू :- तयारी कक्षा धमाधम चलिरहेको छ ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

सम्पर्क | **फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५५०२५२, मो. ९८४६०-४१४९२

मीठो सम्झना

[illegible]

महाधिवेशन पोखरामा गर्न पाउँदा गर्व लागेको छ

ला. लक्ष्मी क्षेत्री पाण्डे
संयोजक
प्रि-रजिष्ट्रेशन कमिटी

"हामी सेवा गर्छौं" भन्ने मूल मन्त्रलाई आत्मसात गर्दै २००८/०९ मा संस्थापक कोषाध्यक्ष भई महिलाहरुको मात्र पारिवारिक क्लवका रुपमा लामाचौरमा स्थापित लायन्स क्लब अफ पोखरा अर्पणमार्फत समाजमा रहेको विभिन्न वर्ग समुदायमा सेवाका हातहरु फैल्याउँदै गर्दा हाल डिष्ट्रिक्ट गर्भनर धुव्र थापाज्यूको कार्यकालमा अध्यक्ष भएर काम गर्ने अवसर पाउँदा निकै खुशी लागेको छ । लायन वर्ष २०१५।०१६ हाम्रो लागि निकै चुनौतिपूर्ण वर्षको रुपमा पनि स्थापित रह्यो । तेस्रो महाधिवेशन काठमाडौँमा हुँदै गर्दा हामीले महाविनाशकारी भू-कम्पको सामना गर्नुपर्‍यो । त्यसले मानवीय क्षतिका साथै नष्ट भएको कुरा सर्वविदितै छ । यो प्राकृतिक विपत्तिसँग भिड्ने जुध्ने तथा गुनासो गर्ने नभएकोले हामिले त्यस विपत्तिको सामना गर्दै अगाडि के बढिरहेका थियौं ।

अलि-अलि उठ्न लागेका हामी नेपाली फेरी भारतीय अघोषित नाकाबन्दीका कारण पुन: थला पर्‍यौं । यति हुँदा-हुँदै पनि नेपालीहरुले धैर्यता र साहसका साथ फेरि त्यो चुनौतिलाई पनि विस्तारै पाखा लगाउँदै अगाडि बढेका छौं । यो सबैलाई हेर्दा जहाँ चुनौती हुन्छ त्यहाँ अवसर पनि पक्कै हुन्छ भन्ने यर्थातलाई चरितार्थ गर्दै हामी लायन्सहरुले पनि आफ्ना सेवाका हातहरु यसरी पुर्‍यायौं कि जहाँ आपत छ, त्यहाँ लायन्स अवश्य पुग्छ भन्ने सन्देश पुर्‍याएका छौं । त्यसैको प्रतिफल लायन्स अन्तर्राष्ट्रिय ३२५ बी १ का हाम्रा डिष्ट्रिक्ट गर्भनरज्यू, नेपालमा मात्र उत्कृष्ट नभएर भारतको अहमदावादमा भएको ४३औं इसामे फोरममा क्लव विस्तार तथा सदस्यता यसमा विश्वमा नै दोस्रो स्थान प्राप्त गर्न सफल अन्तर्राष्ट्रिय अध्यक्ष लायन जित्सुहिरो यामादाले प्रेसिडेन्ट मेडलबाट सम्मानित गर्नुभएको थियो । यसले गर्दा नेपाललाई विश्व सामु लायन्सका माध्यामबाट चिनाउन सफल भएको स्मरण गर्न चाहन्छु ।

साथै हाम्रो क्लबले पनि स्थापना काल देखिनै पाउन नसकेको सफलता यसवर्ष हासिल गरेको छ । अवका दिनमा पनि समाज सेवाका माध्यमबाट यो उचाईलाई कायमै राख्ने कुरामा विश्वत छु । अव रह्यो चौथो महाधिवेशनको हामी पोखरेलीहरुले लायन्सको चौथो महाधिवेशन सुन्दर नगरी पोखरामा आयोजना गर्न पाउँदा गर्व लागेको छ । यसलाई भव्य, सभ्य रुपमा सम्पन्न गर्नका लागि पोखरामा रहेका सम्पूर्ण क्लबहरुले निकै महत्वपूर्ण योगदान साथ सक्रिय रहनु भएको छ । त्सको लागि हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

साथै अन्य सम्पूर्ण लायन्स लियो क्लबहरुबाट पनि हामीलाई विशेष सहयोग प्राप्त भएको छ । जसका लागि अन्त्यमा सेवाभावले उत्प्रेरित संस्थाहरु मध्येको एक लायन्स क्लब अफ पोखरा अर्पण तथा यस अधिवेशनको प्रि-रजिष्ट्रेशन समितिले संयोजकको तर्फबाट पनि सम्पूर्ण सहभागीहरु एवं समग्र नगर बासीहरुलाई यस कार्यक्रमको पूर्ण सफलताको लागि सहयोगको अपेक्षा सहित हार्दिक आभार प्रकट गर्दछु । यसैक्रममा प्रि-रजिष्ट्रेशन समितिको संयोजकको भूमिका निर्वाह गरिरहँदा पोखरा लगायत गण्डकी धौलागिरि, काठमाण्डौं गरी ३ हजार ५ सय जना भन्दा बढिले प्रि-रजिष्ट्रेशन गरी कम्भेन्सन सफल बनाउन सहयोग गर्नुभएको छ ।

सम्पूर्णलाई धेरै-धेरै धन्यबाद दिन चाहन्छु । त्यसैगरि राज्यको चौथो अंगको रुपमा रहेको मिडिया हरुबाट पनि उत्तिकै सहयोग प्राप्त भएकोमा म सम्पूर्ण मिडियाकर्मी साथीहरुलाई पनि धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
एशियन पेन्टस्, रोयल ईस्पायराका साथै सिपेजको समस्या सावधान , वाटर प्रुफिङ गरिन्छ ।
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

हार्दिक शुभकामना

नयाँवर्ष २०७३ को पावन अवसरमा हार्दिक मंगलमय शुभकामना !

लायन्स क्लव अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ बी १ नेपालको पोखरामा आयोजित चौथो महाधिवेशनको भव्य सफलताको कामना गर्दै महाधिवेशनका सम्पूर्ण सहभागीहरुलाई हार्दिक स्वागत गर्दछौं ।

4th Annual District Convention

ला.मनोहर ब. केसी अध्यक्ष (२०१५/०१६) | ला.रामभक्त रञ्जित अध्यक्ष (०१६/०१७)
लायन्स क्लव अफ पोखरा फिस्टेल सिटी परिवार

ला. भगवान पहारी अध्यक्ष एवं
लायन्स क्लव अफ पोखरा लेकभ्याली परिवार

ला. धनबहादुर विश्वकर्मा अध्यक्ष एवं
लायन्स क्लव अफ पोखरा हेल्पिङ्हयाण्ड परिवार

ला.बद्री पण्डित अध्यक्ष (०१५/०१६) | ला.दयाल गिरी अध्यक्ष (०१६/०१७)
लायन्स क्लव अफ पोखरा सेन्ट्रल स्टेट परिवार

ला.फणिन्द्रराज शर्मा अध्यक्ष (०१५/०१६) | ला.ऋषि भण्डारी अध्यक्ष (०१६/०१७)
लायन्स क्लव अफ पोखरा सेन्ट्रल टाउन परिवार

ला. नारायण प्र. सिग्देल अध्यक्ष (०१५/०१६) | ला.षडानन्द गौतम अध्यक्ष (०१६/०१७)
लायन्स क्लव अफ पोखरा सेन्ट्रल भ्याली परिवार

ला.होम ब. बसेल अध्यक्ष (०१५/०१६) | ला.विश्वकुमार विजुक्छे अध्यक्ष (०१६/०१७)
लायन्स क्लव अफ पोखरा चौतारी परिवार

ला.विष्णु बराल अध्यक्ष (०१५/०१६) | ला.ई. सुरेन्द्र पौडेल अध्यक्ष (०१६/०१७)
लायन्स क्लव अफ पोखरा फेवा फिस्टेल सिटी परिवार

ला. बाबुराम गिरी अध्यक्ष एवं
लायन्स क्लव अफ पोखरा पोखरा फिस्टेल परिवार

ला.राजेश्वर आचार्य अध्यक्ष (०१५/०१६) | ला.शालिकराम देवकोटा अध्यक्ष (०१६/०१७)
लायन्स क्लव अफ पोखरा गोल्डेन चौतारी परिवार

ला.अम्बिका शर्मा अध्यक्ष (०१५/०१६) | ला.टीका देवी अर्याल अध्यक्ष (०१६/०१७)
लायन्स क्लव अफ पोखरा ग्रीन टाउन परिवार

ला. हरि प्र. गुरुङ अध्यक्ष (०१५/०१६) | ला.हर्क ब. गुरुङ अध्यक्ष (०१६/०१७)
लायन्स क्लव अफ पोखरा हिमालयन परिवार

लायन्स महाधिवेशन ऐतिहासिक उपलब्धि

लायन्स क्लव अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ बी १ नेपालको चौथो राष्ट्रिय महाधिवेशन पोखरामा हुन लागेकोमा खुशी लागेको छ। पोखरामा हुने कुनैपनि कार्यक्रमहरु उच्चस्तरीय रहि आएको छ। त्यसमा पनि लायन्सको महाधिवेशनको भव्यतालाई हामीले नकार्न सक्दैनौं।

डिष्ट्रिक्ट ३२५ बी १ नेपाल उत्कृष्ट रहेकोमा कसैले पनि यो डिष्ट्रिक्टलाई कम आँकलन गर्न सक्दैनन्। यस वर्ष डिष्ट्रिक्टले धेरै उचाइ प्राप्त गरेको छ। गभर्नर ध्रुव थापाको प्रत्येक आह्वानलाई सम्पूर्ण लायन मित्रहरुले साथ दिनुभएको छ। सदस्यता वृद्धिदेखि लिएर क्लव विस्तार गर्ने कार्यमा होस् या सामाजिक कार्यमा होस् लायन मित्रहरु सकारात्मक सोंचका साथ अघि बढ्नुभएको छ।

२०७२ वैशाख १२ गतेको तेस्रो राष्ट्रिय महाधिवेशनलाई विनाशकारी महाभूकम्पले व्यवस्थित हुन नदिएपनि २०१५/०१६ का गभर्नर ध्रुव थापाको कार्यकाल एकपछि एक एक लायन मित्रहरुको सहयोगले सफल हुँदै आएको छ। भूकम्प पीडितहरुलाई अत्यावश्यकीय सामानहरु समयमा नै उपलब्ध गराइएको थियो भने एक लायन एक न्यानो कपडा कार्यक्रमले लायनहरुको छविलाई उच्च बनाएको महसूस गरेको छु।

नेपाल लायन्स फाउण्डेशनमा साथीहरुको उत्साहजनक सहभागिताले बलियो भएको छ। त्यस्तै लायन क्लव अन्तर्राष्ट्रिय फाउण्डेशनमा पनि हामीले त्यस्तै सहयोग उपलब्ध गराएका छौं। संयुक्त राज्य अमेरिकाको हवाइमा भएको सम्मेलन होस् वा भारतको अहमदावादमा भएको इसामे फोरममा होस् हाम्रो सहभागिता उत्चच भएको छ। हवाइ कन्भेन्सनबाट हामीले अन्तर्राष्ट्रियमा हाम्रो प्रिय सञ्जय खेतानलाई प्रतिनिधित्व गराउन सफल भएका छौं। यो एउटा ऐतिहासिक उपलब्धि रहेको छ। हाम्रो चौथो राष्ट्रिय महाधिवेशनबाट पनि आगामी नेतृत्व अघि बढेको छ। यहाँ अधिवेशन सफल र सम्पन्न हुनेमा दुईमत छैन। यो महाधिवेशन पोखरेली लायनहरुको आतिथ्यताले भव्य हुनेछ। त्यसमा पनि लायन्स क्लव अफ पोखरा सेती गण्डकी र गोल्डेन चौतारी जो डिष्ट्रिक्टका सक्रिय क्लवहरु छन् यी क्लवहरुले संयोजन गरि सम्पूर्ण पोखरेली क्लवहरुले महाधिवेशन भव्यताका साथ सम्पन्न हुनेछ भन्ने विश्वास लिएको छु। महाधिवेशनमा पाल्नुहुने सम्पूर्ण लायन मित्रहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु।

दीपक श्रेष्ठ
एमसीसी
(२०१३/०१४)

लायन्सको पैसा देश विकासमा लगाऔं

दयाल गिरी
प्रथम उपाध्यक्ष
लायन्स सेन्ट्रल स्टेट

लायनवादको भिन्न सामाजिक पृष्ठभूमि भएतापनि यसको निहीत लक्ष्य भनेको आफू भन्दा कम भाग्यशाली मान्छेहरु लाई माथि तान्ने प्रत्यन नै हो। चाहे त्यो आर्थिक, समाजिक तथा नेतृत्वको माध्यमबाट सिद्धान्ततः अन्तर्राष्ट्रिय मान्यतामा आधारित लायनवाद भित्र जति राष्ट्रहरु लामवद्ध छन्, जति सदस्यहरु छन् उनीहरुको आ-आफ्नो देशमा संकलित रकम त्यही देशको लायन्सको प्रमुख व्यक्त मार्फत खर्च गर्न पाउने प्रावधान आयन्स अन्तर्राष्ट्रियले प्रदान गर्नुपर्दछ अनिमात्र समाजका उद्योगपति, व्यापारी लगायतका लव्धप्रतिष्ठित व्यक्तिहरुबाट स्वतःस्फूर्त रुपमा आफ्नो मातृभूमिको विकासका लागि मुट्ठी फुक्न सक्छ। अनि राष्ट्र सवल बनाउनका लागि अझ उत्तरदायी भावना पैदा हुन्छ। अन्यथा हरेक वर्ष विदेश शयर गर्ने शोख र भड्किलो सम्भावनामा मात्र सीमित रहन्छ।

पोखराको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण

लायन्सको राष्ट्रिय महाधिवेशनको सह-संयोजक भएर काम गर्न पाउँदा अत्यन्तै खुशी लागेको छ। लायन्सको विभिन्न भूमिकामा काम गरिरहँदा महाधिवेशन जस्तो ठूलो, उत्कृष्ट र महत्वपूर्ण कार्यको जिम्मेवारी नै सम्हालेर काम गर्दा धेरै अनुभव बटुल्ने अवसर पाएको छु। यसले आगामी दिनमा काम गर्नमा थप उत्साह प्रदान गर्नेछ।

लायन्स महाधिवेशनको तयारी गरिरहँदा सहयोगी हातहरु कति रहेछन् भन्ने अनुभूति धेरै भएको छ। यो महाधिवेशन, यसको तयारी समितिमा बसेर काम गर्दा र साथीहरुले गरेको सहयोगको मूल्याङ्कन अवश्य गर्नेछु र यस अवसरलाई कहिल्यै भुल्न सक्दिन। साथीहरुको यो सहयोग र सद्भाव प्रति म सदैव ऋणि रहनेछु।

लायन्सको महाधिवेशनले पोखराको पर्यटन प्रवर्द्धन र आर्थिक विकासमा महत्वपूर्ण टेवा पुग्नेछ भन्ने विश्वास छ। महाधिवेशनमा ३ हजार बढी लायन्स प्रतिनिधि र त्यत्तिकै मात्रामा अन्य प्रतिनिधि सहभागी हुँदैछन्। यसले पोखराको व्यापार-व्यवसाय प्रवर्द्धनमा समेत महत्वपूर्ण टेवा पुग्नेछ। यसपटकको महाधिवेशनको नारा 'लायन्स महाधिवेशनमा जाउँ है पोखरा' तय गरिएको छ। यसले लायन्स पोखरा र मुलुकप्रति कति जिम्मेवार छ भन्ने पुष्टि गर्दछ। यसवर्षको नयाँवर्ष र लायन्स महाधिवेशनको सन्दर्भ यस्तो संजोक जुरेको छ कि नयाँवर्षमा पोखरा आउने पर्यटक तथा लायन्स प्रतिनिधि ४ दिन बसाइ लम्वाएर लायन्स महाधिवेशनमा सहभागी हुँदैछन्। यसले पोखराको व्यापार व्यवसाय प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास छ। लायन्सको महाधिवेशन सभ्य र भव्य हुँदैछ। यसले पोखरेलीलाई समेत राम्रो पाठ सिकाउनेमा दुई मत छैन।

महाधिवेशनको तयारीमा सहयोग गर्नुहुने सबैमा हार्दिक आभार एवं धन्यवाद ज्ञापन गर्दछु। साथै महाधिवेशनको अवसरमा पोखरामा आउनुहुने सम्पूर्ण लायन्स तथा लियो मित्रहरुलाई म डिष्ट्रिक्ट सेक्रेटरी वा आयोजकको नाताले न्यानो स्वागत, हार्दिक बधाई एवं नयाँवर्ष २०७३ को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

सुचित्रा थापा
सह-संयोजक
महाधिवेशन तयारी समिति

परम्परागत ढङ्गले लायन्स चल्दैन

लायन्सको पोखरामा हुन गइ रहेको चौथो राष्ट्रिय महाधिवेशन प्रमुख कार्यक्रम हो। यस कार्यक्रमले पोखराको आन्तरिक पर्यटक प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्नेछ भने पोखराको पहिचान गराउन पनि सघाउने पुऱ्याउनेछ। कार्यक्रमका लागि पोखराका सबै क्लवहरु सक्रिय हुने भएकाले पोखराको अर्थतन्त्र पनि चलायमान हुनेछ। अझ भन्ने हो भने पोखराको होटल व्यवसाय तथा पर्यटन प्रवर्द्धनमा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउँछ। साथै पोखरामा रहनुभएका लायन्समा आवद्ध उद्योगी व्यवसायीहरुको व्यापार व्यवसाय प्रवर्द्धन गर्ने मुख्य माध्यम पनि लायन्स महाधिवेशन हुने निश्चत छ। १२ वर्षदेखि लायन्स लागेर सामाजिक एवं मानवीय सेवा गरिरहँदा लायन्सको गहिराइमै पुगेर बुझ्ने अवसर मिलेको छ। लायन्सले गर्ने सबै सेवा र कार्यहरु उत्कृष्ट छन्। सामाजिक क्षेत्रमा पनि उत्कृष्ट योगदान दिएका छन्। तर लायन्सले गर्ने कामहरु अझैपनि परम्परागत ढङ्गका छन्। सबै लायन्सले एउटै प्रकाका काम गरिरहेका छन्। यसलाई व्यापक परिवर्तन गर्न जरुरी छ। यसअघ भन्दा लायन्स माथि उठ्नुपर्छ। लायन्स अब आर्थिक संवृद्धिको बाटोमा लम्किनुपर्छ। युवाको सहभागिता बढ्दै गइरहेको छ। अझ व्यापक सहभागिताका लागि नेतृत्व गर्नेहरु अग्रसर हुनुपर्छ र उत्पानशिल क्षेत्रमा लगाउन जरुरी छ। लायन्स नितान्त सामाजिक संस्था हो। त्यसैले यसले गर्ने कामहरुमा समाजको निगरानी आवश्यक छ। लायन्सले संख्यात्मक भन्दा गुणात्मक काममा जोड दिन आवश्यक छ। लायन्स राष्ट्रिय महाधिवेशन भव्य सफलताको शुभकामना।

बाबुराम गिरी
अध्यक्ष
लायन्स क्लव पोखरा फिस्टेल

लायन्सको...

हामीले पोखरालाई नै रोजेका हौं,'-थापाले भने। सन् १९७१ मा पूर्व प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाको नेतृत्वमा औद्योगिक नगरी विराटनगरमा लायन्स क्लब अफ विराटनगरको नामबाट क्लबको स्थापना भई लायन्स प्रवेश गरेको नेपालमा विभिन्न जिल्ला, सहर र गाउँमा गरी करिब ६ सय ७० वटा लायन्स क्लब र १८ हजार ५०० भन्दा बढी सदस्य छन्।

हार्दिक शुभकामना

नयाँवर्ष २०७३ को पावन अवसरमा हार्दिक मंगलमय शुभकामना !

लायन्स क्लव अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ बी १ नेपालको पोखरामा आयोजित चौथो महाधिवेशनको भव्य सफलताको कामना गर्दै महाधिवेशनका सम्पूर्ण सहभागीहरुलाई हार्दिक स्वागत गर्दछौं ।

लायन्स क्लव अफ पोखरा न्यूरोड चौतारी परिवार — ला.दिपकराज घिमिरे, अध्यक्ष (०१५/०१६); ला.पवित्रमणि पोखरेल, अध्यक्ष (०१६/०१७)

लायन्स क्लव अफ पोखरा पिससिटी परिवार — ला.टंकराज अधिकारी, अध्यक्ष (०१५/०१६); ला.ईश्वर मोहन भट्टराई, अध्यक्ष (०१६/०१७)

लायन्स क्लव अफ पोखरा पिस टाउन परिवार — ला. सावित्री बराल सिग्देल, अध्यक्ष (०१५/०१६); ला.उषा क्षेत्री, अध्यक्ष (०१६/०१७)

लायन्स क्लव अफ पोखरा लालीगुराँस परिवार — ला.केशवशरण पौडेल, अध्यक्ष (०१५/०१६); ला.शिव ब. रेग्मी, अध्यक्ष (०१६/०१७)

लायन्स क्लव अफ पोखरा माछापुच्छ्रे सिटी परिवार — ला. शिवराज आचार्य, अध्यक्ष एवं

लायन्स क्लव अफ पोखरा मुनाल परिवार — ला.गुणाखर सुवेदी, अध्यक्ष (०१५/०१६); ला.ज्ञानेन्द्रराज कोइराला, अध्यक्ष (०१६/०१७)

लायन्स क्लव अफ पोखरा सुन्दर नगरी परिवार — ला.तोयराज अधिकारी, अध्यक्ष (०१५/०१६); ला.महेश पौडेल, अध्यक्ष (०१६/०१७)

लायन्स क्लव अफ पोखरा ताल बाराही परिवार — ला. दिपेन्द्र राई, अध्यक्ष एवं

लायन्स क्लव अफ पोखरा टुरिजम सिटी परिवार — ला. प्रदिप कुँवर, अध्यक्ष (०१५/०१६); ला.सुदिप पौडेल, अध्यक्ष (०१६/०१७)

लायन्स क्लव अफ पोखरा युनाइटेड चौतारी परिवार — ला. कमल बहादुर बस्नेत, अध्यक्ष एवं

लायन्स क्लव अफ पोखरा माछापुच्छ्रे सिटी परिवार — ला. शिवराज आचार्य, अध्यक्ष एवं

लायन्स क्लव अफ पोखरा भैरव परिवार — ला.बुद्ध ब. ताम्राकार, अध्यक्ष (०१५/०१६); ला.गौतम विजुक्छे, अध्यक्ष (०१६/०१७)

लायन्स क्लव अफ पोखरा ग्लोवल लेकसिटी परिवार — ला.अनुराग श्रेष्ठ, अध्यक्ष (०१५/०१६); ला.कुलदीप सुवेदी, अध्यक्ष (०१६/०१७)

लायन्स क्लव अफ पोखरा सेन्ट्रल सिटी परिवार — ला. प्रदिप सुवेदी, अध्यक्ष एवं

लायन्स क्लव अफ पोखरा दर्पण परिवार — ला. सञ्जिव थापा, अध्यक्ष एवं

महाधिवेशनले पोखराको ख्याति अझै बढ्नेछ

सर्वप्रथम लायन्स क्लव अफ पोखरा सेती गण्डकी र लायन्स क्लव अफ पोखरा गोल्डेन चौतारी संयुक्त आयोजनामा लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ बी १ नेपालका डिष्ट्रिक्ट गर्भनर पिएम जे एफ लायन ध्रुवबहादुर थापा र उहाँको क्याविनेट लगायत सम्पूर्ण लायन मित्रहरुका साथै यस अवसरमा प्रत्यक्ष-अप्रत्यक्ष रुपमा हामीसँग जोडिएर आउने सम्पूर्ण लायन्स क्लवरु, लियो क्लवहरु, सामाजिक संघ-संस्था, पत्रकारज्यूहरु र सम्पूर्ण पोखरेली मन हामीप्रति सहयोगी मनहरुमा कृतज्ञता प्रकट गर्न चाहन्छु ।

सन् २००४ स्थापना भएको लायन्स क्लव अफ पोखरा सेती गण्डकी विश्व कै स्थापित महिला मात्रको क्लव हो जसले लायन्सको इतिहासमा स्थापना कालदेखि आजका मिति सम्म उल्लेखनीय कामहरु गर्दै डिष्ट्रिक्टमा आफ्नो पहिचान राख्न सफल क्लव हो । त्यस्तैगरी सन् २००९ मा स्थापना भएको लायन्स क्लव अफ पोखरा गोल्डेन चौतारी वर्तमान गर्भनर धुव्र बहादुर थापाको होम क्लव लायन्स क्लव अफ पोखरा चौतारीको स्पोन्सरशिपमा स्थापित महिला र पुरुष दुवै सम्मिलित क्लव हो । जसले स्थापनाको दोश्रो वर्ष २०१०/०११ मा नै मल्टिपल कन्भेन्सन गर्न सफल भएको र लायन्स क्लवहरुको माझमा प्रचलित र स्थापित क्लव हो । डिष्ट्रिक्टका उच्च ओहदामा रहेका दुवै क्लवहरु लयन वर्ष २०१३/१४ मा अधिकारिक रुपमा लायन प्रीति श्रेष्ठ-लायन्स क्लव अफ पोखरा सेती गण्डकी) र किशोर बराल - लायन्स क्लव अफ पोखरा गोल्डेन चौतारी) अध्यक्ष हुँदाको बखत पोखरा स्थित सिनियर लायन लिडरज्यूहरुको सहभागितामा दिदी-भाइ क्लवको सम्वन्ध गाँसिन पुग्यौं । त्यसपछि यी दुवै क्लवहरुले संयुक्त रुपमा गर्ने रचनात्मक कामहरु डिष्ट्रिक्टमा रहेको दुवै क्लवको गरिमालाई हेरिकन यो कन्भेन्सनलाई सबैको स्मरणमा स्थापित गर्नको लागि निकै चुनौतिपूर्ण रहेको छ ।

विभिन्न चुनौतिहरुका वावजुद पोखरामा रहेका लायन्स तथा लियो क्लवहरुका साथै अन्य सहयोगी, उद्योग, व्यवसायी र सामाजिक प्रतिष्ठानको सल्लाह, सुझाव र सहयोगले हामी यस कार्यक्रमलाई पक्का पनि उत्कृष्ट र स्मरण योग्य बनाउने कुरामा दृढ विश्वास गर्दछौं ।

महाधिवेशनलाई सफल पार्नको लागि १४ सदस्यीय मूल समिति र ४६ वटा अन्य उप-समितिहरुको निर्माण गरी सम्पूर्ण उप-समितिहरुको पटक-पटक बसेको बैठकले कन्भेन्सनको सफलताको लागि निकै महत्वपूर्ण योगदान पुगेको छ । यसै अवसरको उपयोग गर्दै सम्पूर्ण उप-समितिकका संयोजक, सह-संयोजक, सल्लाहकारहरु र सदस्यज्यूहरु प्रति आभार व्यक्त गर्न चाहन्छु ।

लायन्स प्रतिको सकारात्मक भाव र यसप्रति बढेको चासोलाई लिएर यस पटकको महाधिवेशनमा उल्लेख्य लायन्स सदस्यहरुको सहभागिता रहने देखिएको छ । यसै कुरालाई मध्यनजर गरी आगन्तुक पाहुनाहरुलाई व्यवस्थित गराउनको लागि पोखरामा रहेका लायन्स तथा लियो क्लवका सदस्य साथीहरुले विगतका वर्षहरु जस्तै यस वर्ष पनि सदासयता देखाउनु हुनेछ भन्ने कुरामा विश्वस्त छु । साथै यस कन्भेन्सन पछिको समयमा हामी लायन्स तथा लियो क्लवहरु बीचको सम्बन्ध अझै गाढा भएकर जानेछ भन्ने कुरामा विश्वस्त छु । लायन्सको

डा. किशोर बराल
सचिव-महाधिवेशन मूल आयोजक समिति
लायन्स डिष्ट्रिक्ट ३२५ बी १ नेपाल

इतिहासमा पोखराले कमाएको ख्यातिलाई बढाउनको लागि यस कन्भेन्सन सफल हुनेछ । भन्ने कुरामा हामी विश्वस्त छौं । पोखराले प्रर्दशन गर्दै आएको पृथकतालाई कायम राख्दै यस पटक हामी कार्यक्रम लाई पृथक ढङ्गले अगाडि बढाउने सोचमा छौं ।

अन्त्यमा, यसमा कन्भेन्सन सफल पार्नको लागि प्रत्यक्ष परोक्ष रुपमा भूमिका खेल्नु, हुने संघ-संस्थाहरु, फन्टाष्टिक नेपाल होलिडे प्रा.लि.इभेण्ट म्यानेजिमेण्ट समूह लगायत सम्पूर्णप्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु ।

धन्यवाद जय लायनवाद !

मैले बुझेको लायन्स : मर्म, कर्म र धर्महरु

लायन्स क्लब अफ अन्तर्राष्ट्रिय विश्वमा सेवाका हातहरु फैलाउने महान कार्यलाई मन बाट मन र हात बाट हातेमालो गर्दै मानविय सेवामा उत्कृष्ट कार्यगर्ने उद्देश्यका साथ नेपालमा पनि झन्डै ४० बर्ष अगाडि शुरु भएको हो । यसै यात्राका यात्री हरु भई सेवाका पाठ हरु सिक्न अगाडि बड्दै छौ :

(१) लायन्स क्लब पवित्र, महासागर र सुन्दर फूलवारी हो, मलाई यस्तै अनुभूति भएको छ । यस संस्थामा हामी रम्न र रमाउन, बन्न र बनाउन सक्छौं भने यसै फूलवारीमा सिगार्न र सिंगारिन पनि सक्दारहेछौं ।

(२) समाज-विज्ञानका बारेमा बुझ्न लायन्स काफी रहेछ । लायन्स दु:ख सुखको साथी पनि हुँदोरहेछ भने अज्ञानीका लागि पवित्र गीता-वेद बन्दोरहेछ ।

(३)पहाडलाई सागर बनाउन, सागर जस्तो मन बनाउन लायन्स नै सगरमाथा हुँदोरहेछ ।

(४) भोलिका सुन्दर र सुनौला बिहानी मनहरु लायन्सको मन, मस्तिष्क र शरीरमा नै बास बस्दा रहेछन् ।

(५) घाम-पानी, झरी-बादल, उकाली-ओरालीका डाफे मयुरहरु लायन्स फूलबारीमा रमाउँदा रहेछन् ।

द्वितीय :

(१) कलिला आँखाहरुबाट बगिरहेका आँशु पुछि मुसुक्क मुस्कुराएको देख्न पाउँदा साच्चै लायन्सको अनुभूति हुदोरहेछ ।

(२) मानिस एक दिन बाँच्ने मूल्य खोजिरहेको बेला सात दिन बचाउन पाउँदा लायन्स हुनुमा छुट्टै गौरव अनुभूति हुनेरहेछ ।

(३) दुर्घटनामा दुई खुट्टा गुमाएको घाइते एक थोपा रगतमा आफ्नो जीवन खोजिरहेको बेला एक युनिट रगत उपलब्ध गराउन पाउँदा साँच्चै लायन्स भए जस्तो लाग्दोरहेछ ।

(४) दृष्टिको अभावमा लौराको साहाराले जिन्दगी सावुनझैं खिइँदै गइरहेका बेला अचानक आँखाले संसार देखेर जीवनको दिनहरु हिमचूलीका हिउँझै थपिँदा लायन्स हुनुको गौरवले दिलमा छुट्टै ढुकढुकी बढ्दो रहेछ ।

(५) पत्थर मनको मरुभूमिमा लायन्सको लोगो र ध्भ क्भ्च्ख्भ कोरिदिंदा गर्मीले हपक्क तातेको बेला पिपलले प्रदान गर्ने शितलताको अनुभूति हुँदो रहेछ ।

(६) एकछाक खाना खान नपाई जीवन नै दोसाँधमा परिरहेका बेला, खुल्ला आकाशमा रात गुजारिरहेका बेला, स्कूल जाने उमेरमा गल्लीमा चुरोटका ठूटासंग दिन कटाएको बेला, आमा-बाबाको मायाबाट बञ्चित बाल्य मनहरुलाई एक बर्षका लागि हातमुख जोर्ने व्यवस्था गरिदिंदा साच्चै लायन्सका लागि

डा. विष्णु प्रसाद चापागाईं
हेल्थ क्याम्प कमिटी मेम्बर
लायन्स डिष्ट्रिक्ट ३२५ बी १ नेपाल

मात्र जन्मिन पाए हुन्थ्यो भन्ने लाग्दोरहेछ । लायन्स क्लब अन्तर्राष्ट्रियको सेवाको विशाल यात्रा कम प्रशंसनीय छैन । सेवाका हातहरु हामीसम्म आइपुग्दा कति माझिदै आइपुगेको छ , विचारणीय,सोचनीय छ । लायन्स संसारको सबै भन्दा ठूलो र सेवा गर्ने संस्थामा सेवाका हातहरु दिन रात बढिरहेको अवस्थामा यसको प्रवाभकारीतालाई अझै उच्च र दुरुस्त बनाउदै जहाँ आवश्यकता छ त्यहाँ उच्चस्तरीय मानवीय सेवा पुयाउन सके हाम्रो यात्राको अझ गौरब बढ्ने छ ।

जय लायन्स ! जय लायनवाद ! जय लियो ! जय लियोवाद !

'फेरि पदमा फर्किन्न, किन गुटबन्दी गर्नुपर्‍यो'

काठमाडौं ३ वैशाख ।

प्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष केपी शर्मा ओलीले एउटै पदमा फेरि दोहोरिने चाहना नभएकाले आफूले पार्टीमा कुनै गुटबन्दी नगरेको बताएका छन् । माधव नेपाल समूहका नेताहरूले सात दिन चलेको केन्द्रीय समितिको बैठकमा ओलीको कार्यशैली एकलौटी भएको सरकार र पार्टीको नेतृत्वमा बसेर गुटबन्दी तीव्र पारेको भन्दै ओलीको आलोचना गरेका थिए ।

'मलाई फेरि फर्कीफर्की कुनै पदमा जानु छैन, मैले किन गुटबन्दी गर्ने ?' बैठकको अन्त्यमा अध्यक्ष ओलीले आफूमाथि उठेका प्रश्नको जवाफ दिँदै भने,'पद दिएका बेला अनुभव हासिल गरिरहने अनि काम गर्नचाहिँ अर्को कार्यकाल चाहिने ? मलाई अर्को कार्यकाल चाहिँदैन, जे गर्ने हो यही कार्यकालमा गर्छु ।'

नेता नेपालले बिहीबारको बैठकमा ओलीप्रति गुटबन्दी गरेको भन्दै तीव्र आलोचना गरेका थिए । आउँदो महाधिवेशनका लागि नेतृत्व लिने कसरतमा नेपालले अहिलेदेखि नै अभ्यास गरिरहेको बुझाई ओली पक्षको छ । त्यसैले अध्यक्ष ओलीले जवाफ दिने क्रममा पटकपटक नेतृत्वमा जाने इच्छा नभएको भन्दै नेता नेपालमाथि घुमाउरो व्यंग्य गरेका थिए । नेता नेपालले यसअघि नै महासचिवका रूपमा झन्डै १५ वर्ष पार्टीको नेतृत्व गरिसकेका छन् । आफ्नो कार्यकालमा पार्टीको प्रतिष्ठा अझै उँचो बनाउने र भरोसा लाग्ने पार्टी हस्तान्तरण गरेर बिदा हुने दाबी ओलीले गरे ।

अध्यक्ष ओलीले पार्टी नेताका टोली चीनलगायतका मुलुकका भ्रमणमा जाँदा आफूलाई कुनै जानकारी नभएको भन्ने नेता नेपालको अभिव्यक्तिलाई पनि शुक्रबार जवाफ फर्काए । पार्टीलाई औपचारिक रूपमा कुनै पनि निम्ता नआएकाले अन्य तरिकाबाट उनीहरू विदेश गएको ओलीले बताए । माधव नेपालले उठाएको उक्त विषयमाथि शुक्रबार महासचिव ईश्वर पोखरेलले पनि जवाफ दिएका थिए ।

महासचिव पोखरेलले कुन-कुन नेता कहिले-कहिले कहाँ-कहाँको भ्रमणमा गए, त्यसको चाहिँ पार्टीलाई जानकारी छ कि छैन भन्ने नेता नेपालप्रति नै प्रश्न गरेका थिए । ३२ सालदेखि पार्टीको क्रियाकलाप नजिकबाट नियालेको उल्लेख गर्दै पोखरेलले कहिले-कहिले निर्णय भएर को(को कहाँ गए, त्यसको लेखाजोखा गर्न तयार हुनुपर्ने बताएका थिए । नेता नेपालसमेत हालै पाकिस्तान भ्रमणबाट फर्केका हुन् ।

अध्यक्ष ओलीले संविधान जारी गरेको विषयमा जुन उचाइबाट प्रशंसा र धन्यवाद होला भन्ने अपेक्षा केन्द्रीय समितिबाट गरे पनि त्यसअनुसार नभएको भन्दै गुनासो गरे । अन्य विषयहरूमा बढी रुचि राखेकोमा ओलीको गुनासो थियो । उनले भारत भ्रमणमा संयुक्त विज्ञप्ति जारी नहुनुलाई ठूलो विषयका रूपमा लिन नहुने भन्दै केन्द्रीय सदस्यहरूको जिज्ञासा शान्त पार्ने प्रयास गरेका थिए । 'संयुक्त पत्रकार सम्मेलन नै गरेपछि विज्ञप्ति जारी भयो भएन, त्यो ठूलो कुरा होइन,' अध्यक्ष ओलीले भने,-'भ्रमणमा के गर्न सकिन्थ्यो, के भएन भन्ने कुरा खोतल्ने अरू नै छन् नि, हामीले त के भयो भन्ने कुराको पो समीक्षा गर्ने हो ।' उनले चीनसँग भौगोलिक अवस्था, सडक, करलगायतका विषयहरूका कारण पेट्रोलियम सम्झौता तत्काल हुन सक्ने अवस्था नरहेको उल्लेख गर्दै पारवहन सम्झौता हुनु नै ठूलो उपलब्धि भएको जवाफ दिएका थिए । बैठकमा झन्डै डेढ घण्टा बोलेका अध्यक्ष ओलीले आफ्नो स्वास्थ्य अहिले एकदमै राम्रो रहेको र दैनिक १८ घण्टा काम गरिरहेको बताएका थिए । सात दिन चलेको बैठकमा ओलीले साथ दिएका थिए ।

पर्यटकसंग विवाह

काठमाडौं ३ वैशाख ।

भूकम्पले ध्वस्त गोरखाको बुङ्कोटस्थित रामेश्वरी माध्यामिक विद्यालय पुन:निर्माणमा सघाउँदै आएका एक अमेरिकी नागरिकले नेपाली परम्परा (हिन्दू संस्कार) अनुसार विवाह गरेका छन् । अमेरिकास्थित क्यालिफोर्निया राज्यका ५५ वर्षीय डानियल र ४९ वर्षीया लीलाबीच विवाह भएको हो । डानियल क्रिश्चियन धर्म मान्छन् भने लीला हिन्दू धर्मावलम्वी हुन् । गाउँलेहरु दुलही पक्ष र दुलाह पक्षमा विभाजित हुँदै जन्ती आएका थिए । स्थानीय बाबुराम वाग्लेको घरबाट दुलाह, दुलही बाजागाजासहित मन्दिर पुगेका हुन् । पुरोहितले भनेअनुसार उनीहरु विवाह मण्डपमा बसे र शास्त्रअनुसार विवाह बन्धनमा बाँधिए ।

छोरीले गरिदिइन आमाको विवाह

काठमाडौं ३ वैशाख ।

आमा बुबाले आफ्ना छोराछोरीको विवाह गरिदिएको तपाई हामी सबैले देखेका छौं तर आफैंले जन्माएकी छोरीले आमालाई अन्माइनभन्दा तपाईलाई पत्यार नलाग्न सक्छ । यो यथार्थ घटना झापाको बिर्तामोड नगरपालिकाको हो । बिर्तामोड नपा-७ बिर्तामोड निवासी ३७ वर्षीया अम्बिका कार्की शिवाकोटीको विवाह छोरी १८ वर्षीया अप्सना शिवाकोटीले गरिदिएकी हुन् । भारतको राजस्थानका प्रकाश राहुल खटवानीसँग अप्सनाले आमा अम्बिकाको विवाह गरेर आज अन्माइदिएकी छन् । एक वर्षअघि सामाजिक सञ्जाल फेसबुकमार्फत उनीहरुको चिनजान भएपछि उनीहरुको प्रेम झाङ्गिँदै गएको थियो । अप्सनाले आफ्नी आमा र प्रकाशबीचको प्रेम सम्बन्ध बढ्दै गएको थाहा पाएपछि सामाजिक परम्पराअनुसार झापाको शनिअर्नुन नगरपालिकामा रहेको पूर्वको पशुपतिनाथका नामले परिचित अर्जुनधारा जलेश्वरधाममा आमाको विवाह गर्दै अन्माएकी हुन् । धाम परिसरमा अप्सनाले हिन्दू संस्कारअनुसार नै आमा अम्बिका र प्रकाशबीचमा विवाह गराएपछि हेर्नेको घुइँचो लाग्यो । सामाजिक सङ्घसंस्थामा सक्रिय अम्बिका अहिले वीरता लेडी जेसीज बिर्तामोड, गोदावारी समाज लगायत थुप्रै सङ्घसंस्थामा आवद्ध छन् । सामाजिक क्षेत्रकी अगुवा अम्बिकाको विवाह छोरीले गर्दैछिन् भन्ने सुनेर धाम परिसरमा धेरै स्थानीयवासीको उपस्थिति थियो ।

पर्यटक कुर्दै पैंयुकोट दरबार

पर्वत ३ वैशाख ।

ऐतिहासिक महत्व बोकेको चौबिसे पैंयुराज्यको दरबार ओझेलमा परेको छ । उचित संरक्षण र प्रचारप्रसारको अभावमा यहाँको होस्राङ्दीस्थित पैंयुकोट दरबार ओझेलमा परेको हो । पछिल्लो समयमा यस क्षेत्रलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने प्रयास सुरु गरिएको छ । ऐतिहासिक र धार्मिक हिसाबले समेत महत्वपूर्ण मानिने पैंयुकोटमा आन्तरिक र बाह्य पर्यटकसमेत भित्र्याउने लक्ष्यसहित यसको विकास गर्न लागिएको हो । पाँच सय वर्ष पुरानो पैंयुकोट दरबार र कालिका मन्दिरलाई पैंयुक्षेत्रको ऐतिहासिक सामग्रीसहितको सङ्ग्रहालय बनाउने र त्यसलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने उद्देश्यले अभियान थालिएको हो । एक वर्षभित्रमा सङ्ग्रहालयका लागि भवन निर्माण कार्य थालिने पैंयुकोट संरक्षण समितिका पूर्व अध्यक्ष तथा पूर्व जिविस उपसभापति टीकाराम भुसालले जानकारी दिए । "ऐतिहासिक र धार्मिक तथा पर्यटकीय महत्वसमेत बोकेको क्षेत्र भएकाले यसको विकास र प्रवर्द्धनको काम थालिएको छ", उनले भने-"यसलाई मध्य दक्षिण पर्वतको प्रमुख पर्यटकीय गन्तव्य बनाउने लक्ष्य सफल बनाउन आवश्यक छ ।" यस क्षेत्रमा पहिले सेन राजाले बनाएको मन्दिर र अग्लो डाँडा रहेकाले धेरै आन्तरिक र बाह्य पर्यटक भित्र्याउन सकिने सम्भावना छ । यसलाई दृश्यावलोकन तथा घरवास क्षेत्रको रूपमा विकास गर्दै पदमार्ग बनाउन सकिने सम्भावना छ । शालिग्राम शिलादेखि पैंयुकोट हुँदै गोलाङको लेकसम्म पदयात्रा मार्ग बनाउन सकिने तथा यसलाई दक्षिण एसियाकै पहिलो ग्रामीण पर्यटकीय गाउँ सिरुबारी तथा डहरे र पञ्चासे हुँदै पोखरासम्मको पदयात्रा मार्ग बनाउन सकिन्छ । पर्वतको पर्यटन गुरुयोजनामा समेत पञ्चासेदेखि पैंयुकोट हुँदै सेतीवेणीसम्मको पदयात्रा मार्ग प्रस्ताव गरिएको छ । अन्नपूर्ण पदयात्रा मार्गमा सडक निर्माणसँगै जोखिममा परेकाले यसलाई वैकल्पिक पदयात्रा मार्गका रूपमा विकास गर्न सकिने देखिएको छ । यो पदयात्रा मार्गमा पर्ने शालिग्रामको छापाको मगर बस्ती, त्रिवेणीको चिन्नेखर्कको मगरबस्ती, उरामको गेप्ताङको मगरबस्ती, होस्राङ्दीको जम्मपुरको मगरबस्ती र भोक्सिङको गुरुङबस्तीमा होमस्टे सेवा सुरु भइसकेको छ । पदयात्रामा आउने पर्यटकका लागि खान र बस्न होमस्टे सेवा सुरु गरिएको जम्पुर होमस्टेकी अध्यक्ष नैनकला रानाले बताए । पैंयुकोटमा १५०२ देखि छ जना सेन राजाले राज्य गरेका थिए । राजा रामसिंह सेनले राज्याभिषेक गरेपछि लाभसिंह, चामसिंह, दागम्बरसिंह, सङ्ग्रामसिंह, भूपभैरव र अकवरसिंहले राज्य गरेको पाइन्छ । राजा अकवरसिंह सेनलाई नेपाल एकीकरणको समयमा आक्रमण गरेपछि उनले आफ्नै बारुदखानामा आगो लगाएर आत्महत्या गरेपछि पैंयुकोट राज्य नेपालमा गाभिएको थियो । त्यसअघि मगर जातिका आले, राना, थापा र चितौरेले पालैपालो गरी राज्य सञ्चालन गर्दै आएका थिए । मगरका बीचमा राज्य सञ्चालनमा विवाद भएपछि भारतको बाँसीघार भन्ने ठाउँबाट सेन राजालाई ल्याएको सेन राजाका सन्तान कर्णप्रताप सेनले जानकारी दिए । अहिले पैंयुकोट र हुवासमा रहेको फूलबारी दरबार संरक्षणका लागि जिल्ला विकास समिति र संस्कृति तथा पर्यटन मन्त्रालयले काम गरिरहेका छन् । रासस



बाबाको चमत्कार : विनाअक्सिजन भूमि समाधिमा बसेका सिद्धबाबा श्रीवैष्णव कृष्णदासजी महाराजलाई शुक्रबार सकुशल बाहिर निकालिएको दृश्य हेर्न समाधि स्थल पुगेका हजारौं दर्शकहरु । इन्सेटमा समाधिपछि बाहिर निस्किएका श्रीवैष्णव कृष्णदासजी महाराज । तस्वीर : गोल्डेन न्यूज दैनिक

हेमजा युनाईटेड निलो र पहेलो सेमिफाईनलमा

गोल्डेन न्यूज संवाददाता
पोखरा ३ वैशाख ।

हेमजा युनाईटेड पोखरा-२९ हेमजाले आयोजना गरेको शुभकामना कपमा आयोजक हेमजा युनाईटेड निलो र पहेलो सेमिफाईनलमा प्रवेश गरेका छन्। शुक्रबार भएको पहिलो खेलमा हेमजा युनाईटेड निलोले लम्जुङ फुटबल क्लवलाई ७-१ को फराकिलो गोल अन्तरले पराजित गर्‍यो।

प्रतियोगितामा हेमजा युनाईटेड निलोको तर्फबाट जर्सी नं ४ का रविन्द्र कुँवर ४ गोल, जर्सी नं. ११ का सुनिल तामाङ, जर्सी नं. ९ का आशिष कुँवर र जर्सी नं.२३ का सुमित सुनारले १-१ गोल गरेका थिए। प्रतियोगितामा म्यान अफ दि म्याच हेमजा युनाईटेडका जर्सी नं. ४ का रविन्द्र कुँवर घोषित भए।

त्यसैगरि प्रतियोगिताको दोस्रो खेलमा हेमजा युनाईट पहेलोले पाउदुरकोटलाई ३-१ ले पराजित गरेको थियो। प्रतियोगिताको शनिबार पहिलो खेल विहान ११ वजे सत्य युवा क्लव वाभ्कापाटन र नवआदर्श युवा क्लव लामाचौर वीच हुने छ भने दोस्रो खेल दिउसो एक वजे विष्णु पादुका क्लव पहेलो र शशस्त्र प्रहरी वल विच हुने छ।

युवा एकता र विकासका लागि खेलकुद भन्ने मूल नाराका साथ आयोजना गर्न लागिएको प्रतियोगिता वैशाख ७ गते सम्म गौरी शंकर खेल मैदान गैरीमा चल्ने छ। प्रतियोगितामा १२ टीमको सहभागिता रहेको छ।

खेलकुदको माध्यमबाट कुलतमा फसेका साथै वेरोजगार युवा युवतीहरुलाई विकृति र विसङ्गति बाट जोगाई सहि बाटो देखाउनका लागि टेवा पुर्‍याउने उद्देश्यले प्रतियोगिताको आयोजना गरिएको हो । प्रतियोगितामा प्रथम हुनेलाई एक लाख ११ हजार एक सय ११, दोस्रा हुनेलाई ६१ हजार एक सय ११, कप मेडल ट्रफि र प्रमाण पत्र प्रदान गरिने हेमजा युनाईटेडका सह-सचिव खिमलाल तिमिल्सिनाले जानकारी दिए ।

कृष्णदासको....

तल्लाको कौशीबाट दर्शन दिए । उनले हात हल्लाएर सबैलाई अभिनन्दन गरे । तर, उनी कसैसँग बोलेनन् । उपस्थित भक्तजनलाई स्वास्थ्य परीक्षणको नेतृत्व गरेका डा.कालु शर्माले सिद्धबाबाको स्वास्थ्य सामान्य रहेको जानकारी दिए । उनले भने,-'समाधिमा बस्नुअघि पनि हामीले उहाँको स्वास्थ्य परीक्षण गरेका थियौं, अहिले समाधि सकिएपछि पनि स्वास्थ्य परीक्षण गर्‍यौं, उहाँको स्वास्थ्य समाधिमा बस्नुअघि जस्तो थियो अहिले पनि त्यस्तै छ, अर्थात नर्मल ।'

अक्सिजनबिना भूमि समाधिमा बसेर सिद्धबाबाले आश्चर्यमा पारेको शर्माले बताए । उनले अहिलेसम्म असम्भव रहेको कुरा सम्भवमा परिणत गरेको बताए ।

यसअघि चैत २६ गते साँझ साढे ६ बजेदेखि भूमिसमाधिमा बस्नुअघि सिद्धबाबाले राष्ट्र र मानव कल्याणका लागि आफू भूमिसमाधिमा बस्न लागेको बताएका थिए । उनले आफूलाई ९ दिनपछि मात्रै भूमिसमाधि बाट निकाल्न आग्रह गर्दै भनेका थिए- 'मलाई वैशाख ३ गते बिहान १०:१५ बजेभित्र निकालिसक्नुपर्नेछ, अन्यथा मलाई जे पनि हुन सक्छ ।'

सिद्धबाबालाई समाधिमा बस्नका लागि ५ फिट लम्बाइ र ३ फिट चौडाइको काठको बाकस बनाइएको थियो, जहाँ उनी अचेत अवस्थामा सुतेका थिए । जसमा अक्सिजन नछिरोस् भन्नका लागि बाहिरबाट प्लाष्टिक, सेतो कपडा, कम्मलले बेरिएको थियो भने बाकसमा ४ वटा साँचो लगाइएको थियो । बाकसको माथिल्लो भागमा बालुवा माटोले पुरिएको थियो । त्यसमाथि जमरा लगाइएको थियो । उनी समाधिमा बस्ने स्थानमा पुग्न ३ वटा कोठाको ताला खोलेर पुग्नुपर्ने थियो । जसलाई प्रहरीले २४ सै घण्टा सुरक्षा दिएको थियो । 'भित्र पसेर हेर, माथि उठेर सोच' भन्ने आह्वानका साथ राष्ट्रको सम्पन्नताका लागि भन्दै सिद्धबाबाले भू-समाधि लिएका हुन् । सिद्धबाबाले हरेक वर्ष चैते दसैं तथा वडादसैंमा विशेष साधना गर्दै आएका छन् । उनी पहिलो पटक ०६५ सालको रामनवमीमा सुनसरीको चतरामा भूमि समाधि बसेका थिए ।

यसैबीच, सिद्धबाबालाई रथारोहणसहित शनिबार अभिनन्दन गरिने भएको छ । समाधि बसेको ठाउँ रामघाटबाट नारायणस्थान मन्दिर नदीपुरसम्म ध्वजासहितको रथारोहण गरिने र नारायणस्थान मन्दिरमा अभिनन्दन गरिने आयोजकले जनाएको छ ।



सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष /प्रधान सम्पादक **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, संस्थापक सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा